General Elections 2056

# Election manifesto of the Nepali Congress

# नेपाली कांग्रेसको घोषणापत्र, २०५६

आगामी आमनिर्वाचन २०५६ वैशाख २० गते र ज्येष्ठ ३ गते सम्पन्न हुन लागिरहेको छ । यस अवसरमा नेपाली कांग्रेस मुलुकका सम्पूर्ण किसान र श्रमिकहरू, शिक्षक र बुद्धिजीवीहरू, साहित्यकार र कलाकारहरू, उद्योगी र व्यापारीहरू, तरुण र विद्यार्थीहरू, राष्ट्रसेवक कर्मचारी, प्रहरी र सेना लगायत विभिन्न पेसा, कार्य र जिम्मेवारीमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक अभिवादन प्रकट गर्दछ । यस महत्त्वपूर्ण एवं निर्णायक घडीमा अत्यधिक उत्साह र जिम्मेवारीका साथ मतदानमा भाग लिन नेपाली कांग्रेस नेपाली जनतालाई विनम्रतापूर्वक अपील गर्दछ ।

यस अवसरमा नेपाली कांग्रेस राणाहरूको जहानिया शासनका साथै पञ्चायती निरङ्कुशताका विरुद्ध सङ्घर्ष गर्दै प्रजातान्त्रिक आन्दोलनमा आरु नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहीदप्रति श्रद्धा र सम्मान अर्पण गर्दछ । साथै नेपालको प्रजातान्त्रिक आन्दोलनका शिखर-व्यक्तित्व जननायक विश्वेश्वरप्रसाद कोइराला, श्रद्धेय नेता सुवर्ण शमशेर र २०४६ सालको ऐतिहासिक जन-आन्दोलनका सर्वोच्च कमाण्डर गणेशमान सिंहको पथप्रदर्शनको अनुसरण गर्दै नेपाली कांग्रेस आगामी शताब्दीको प्रथम चरणमा नै नेपाललाई प्रजातान्त्रिक, समतामूलक र समृद्धशाली राष्ट्रका रूपमा स्थापित गर्ने सङ्कल्प व्यक्त गर्दछ ।

## राष्ट्रियता, प्रजातन्त्र र समाजवादी आन्दोलनको अगुवा पार्टी नेपाली कांग्रेस

नेपाली कांग्रेस राष्ट्रियता, प्रजातन्त्र र समाजवादमा विश्वास गर्ने नेपाली जनताको एक मात्र प्रतिनिधि पार्टी हो । नेपाली कांग्रेसले आरु नो स्थापनाकाल २००३ सालदेखि नै मुलुकमा बहुदलीय संसदीय प्रजातन्त्र तथा नेपाली जनताको नैसर्गिक मानव-अधिकार, स्वतन्त्रता, समानता र न्यायका निम्ति सङ्घर्ष र बलिदान गर्दै आएको छ । २००७ सालको क्रान्ति र २०४६ सालको जन-आन्दोलनलाई सफल नेतृत्व गरी प्रजातन्त्रलाई संस्थागत र सुदृढ गर्न नेपाली कांग्रेसले ऐतिहासिक भूमिका निर्बाह गरेको छ । नेपाली जनताको स्वतन्त्रता, राष्ट्रिय एकता र स्वाभिमानलाई निरन्तर सुदृढ बनाउने मुलुकको प्रजातान्त्रिक आन्दोलनलाई पाँच दशकसम्म नेतृत्व गर्ने आरु नो गौरवपूर्ण परम्परालाई अक्षुण्ण राख्दै नेपाली कांग्रेस मुलुकमा स्थापित बहुदलीय प्रजातन्त्र, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र र जनताका आधारभूत मानव अधिकारहरूको रक्षा र संवर्द्धन गर्ने गहिरो प्रतिबद्धता व्यक्त गर्दछ ।

नेपाली कांग्रेस एक्काइसौं शताब्दीको विश्वसंरचना र नेपाली समाज बहुदलीय प्रजातन्त्रद्वारा पोषित राजनैतिक स्वतन्त्रता, विकेन्द्रित शासन पद्धति, महिला र पुरुषका बीच पूर्वाग्रह र भेदभावको समाप्ति, विभिन्न भाषा, संस्कृति र परम्पराको सन्तुलित विकास, व्यक्तिको उच्चतम मर्यादा, शान्ति र भयमुक्त समाज, आर्थिक समृद्धि, सामाजिक न्याय र समानताको जगमा उभिनुपर्दछ भन्ने धारणा राख्दछ । एक्काइसौं शताब्दीमा प्रवेश गर्दा विश्वले बेहोर्नुपर्ने चुनौती र समकालीन प्रभावलाई नेपालले पनि ग्रहण गर्नै पर्ने अवस्था छ । यस परिस्थितिमा आर्थिक र

सामाजिक दुवै दृष्टिले पछाडि परेको हाम्रो मुलुकको रूपान्तरणको प्रक्रियालाई छिटो भन्दा छिटो अघि बढाउन नेपाली कांग्रेस आरु ना सबै प्रयासलाई मिहिनेत र इमानदारीका साथ केन्द्रित गर्न चाहन्छ । मुलुकका प्रजातान्त्रिक संस्थाहरूलाई बलियो र कार्यमूलक बनाएर शासन प्रक्रियालाई विकेन्द्रित गर्दै गाउँको अधिकार गाउँमा पुऱ्याउने अभियानका निम्ति पनि कांग्रेस कृतसङ्कल्प छ । आगामी दिनहरूमा कांग्रेसको एउटा प्रमुख दायित्व गाउँमा सेवा र सुविधा पुऱ्याई त्यहाँको जीवनलाई सुखमय तुल्याउने र शहरको जीवनलाई पनि स्वच्छ, सङ्गा र प्रदूषणमुक्त वातावरणको प्रत्याभूति गर्नु हो । सन्तुलन र समताको पक्षमा उभिएको नेपाली कांग्रेस गाउँ र शहर अनि दुर्गम र सुगम क्षेत्रका बीच विद्यमान विभेद हटाउन प्रतिबद्ध छ । यी दायित्वहरूको निर्वाह गर्न जागरुक नागरिक समाज समुन्नत देश निर्माणका निम्ति सम्पूर्ण प्रयत्नहरूलाई बलियो राष्ट्रिय अभियानका रूपमा एकीकृत गर्दै नयाँ शताब्दीमा प्रवेश गर्ने अठोट नेपाली कांग्रेस व्यक्त गर्न चाहन्छ ।

## प्रजातान्त्रिक समाजवाद : आर्थिक समृद्धि र सामाजिक न्यायको एकमात्र बाटो

स्वतन्त्रताविना न्याय सम्भव छैन र समानता पनि हुन सक्तैन भन्ने नेपाली कांग्रेसको जन्मदेखि नै विश्वास हो । यसको पुष्टि साम्यवादी सत्ताको पतनबाट भएको छ । समानताको नाममा जनताको मौलिक हक र स्वतन्त्रतालाई कुल्चने कम्युनिस्टहरूले जनता उपर घोर पक्षपात, दमन र अन्याय-अत्याचार लादेकै कारणले साम्यवादी शासनको भण्डाङ्गोर भएको हो । प्रजातन्त्रलाई सबै प्रकारका अधिनायकवादबाट खतरा छ । सबै भन्दा ठूलो खतरा त सर्वहारावर्गको नाममा हुने अधिनायकवादबाट छ । प्रजातन्त्रले जनतालाई पूर्ण मुक्ति र प्रगतिको मार्गमा अघि बढ्न मद्दत गर्ने हुनाले नेपाली कांग्रेस प्रजातन्त्र भन्दा ठूलो क्रान्ति अर्को हुँदैन भन्ने कुरामा विश्वास राख्दछ ।

नेपाली कांग्रेस मुलुकमा समतामूलक समाजको स्थापना गर्न चाहन्छ । धनी र गरीवका बीच, टाठाबाठा र निमुखाका बीच तथा उपल्लो र तल्लो भनिने जाति-जातिका बीच समाजमा व्याप्त भेदभाव, शोषण र अन्यायलाई निर्मूल पार्न  चाहन्छ । नेपाली समाजबाट अशिक्षा, गरीवी, बेरोजगारी, भ्रष्टाचार, महँगी र अभावलाई हटाउन चाहन्छ । देशको ग्रामीण र पिछडिएका क्षेत्रमा दुःखपूर्ण जीवन निर्वाह गर्दै आएका लाखौं नेपालीहरूले भोगिरहेका यी समस्याहरूको निराकरण नगरी हाम्रो देश र समाज उन्नतिको बाटोमा कसै गरी लाग्न सक्तैन । यही यथार्थलाई बुझेर नेपाली कांग्रेसले २०१२ सालदेखि नै प्रजातान्त्रिक समाजवादी आर्थिक नीति र कार्यक्रमको अवलम्बन गर्दै आएको हो । नेपाली कांग्रेसको समाजवादी आर्थिक-सामाजिक नीतिले देशको आर्थिक समृद्धिलाई बढाउँदै लैजाने कुरामा जोड दिनेछ, देशको बढ्दो आर्थिक समृद्धिलाई गरीव जनतासम्म पुऱ्याउने न्यायपूर्ण वितरणमा जोड दिनेछ र यसका साथै समाजका विपन्न र असहायहरूका लागि सामाजिक न्याय र सुरक्षा प्रदान गर्नेतर्फ सरकारलाई उन्मुख र जिम्मेवार बनाउनेछ ।

(क) आर्थिक स्वतन्त्रता र निजी क्षेत्रको भूमिका : प्रजातान्त्रिक समाजवादी नीतिको एउटा प्रमुख पक्ष राजनीतिक स्वतन्त्रतासँगै आरु नो ज्ञान, सीप र पूँजीका आधारमा आरु ना इच्छा र रुचि अनुसारको व्यवसाय र आर्थिक क्रियाकलाप गर्न पाउने व्यक्तिको स्वतन्त्रता र अधिकारको रक्षा गर्नु पनि हो । देशको कानून अनुसार प्रत्येक उद्यमी र व्यवसायीले आरु नो इच्छा अनुकूलको

व्यवसाय रोज्न, विना रोकटोक आरु ना उन्नति र प्रगतिका लागि क्रियाशील हुने मौका उपलब्ध गर्नु र गर्न पाउनु हो । यस्तो आर्थिक स्वतन्त्रताद्वारा अर्थव्यवस्थामा निजी क्षेत्रको भूमिका र उद्यमशीलतालाई प्रोत्साहित गर्नुपर्दछ र राष्ट्रिय आय एवं रोजगारीका अवसरहरू बढाउनुपर्दछ भन्ने कुरामा नेपाली कांग्रेस विश्वास गर्दछ ।

(ख) सरकारको दायित्व र भूमिका : आर्थिक गतिविधिमा निजी क्षेत्रलाई बढी भन्दा बढी क्रियाशील गराउँदै सरकारले आर्थिक-सामाजिक पूर्वाधारको विकास तथा गरीव एवं असहाय जनताका निम्ति सामाजिक न्याय र सुरक्षाको बन्दोबस्त गर्ने जिम्मेवारी पनि बहन गर्नुपर्दछ ।

रु आर्थिक र सामाजिक पूर्वाधारको विकास : देशको आर्थिक र सामाजिक विकासका लागि सरकारले शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, सञ्चार, सिँचाइ र जलस्रोत विकासका लागि लगानी गर्ने, विकेन्द्रित शासन पद्धति, जनशक्तिको परिचालन र सहभागितामूलक विकास, जनताका प्रतिनिधि संस्थाहरूको सबलीकरण तथा उपयुक्त ऐन-कानूनको निर्माणद्वारा विकास-निर्माण गर्ने असंख्य अवसर र सम्भावनाहरूको ढोका खोल्नुपर्दछ । सरकारको यस्तो सहयोगी भूमिकाले निजी क्षेत्रका उद्यमीहरूलाई आरु नो क्षमता, योग्यता र रुचि अनुसार विविध व्यवसायमा संलग्न हुने थप प्रेरणा प्रदान गर्दछ तथा राष्ट्रिय उत्पादन वृद्धिमा मद्दत पुऱ्याउँछ ।

रु सामाजिक न्याय र सुरक्षा : यस बाहेक हाम्रो जस्तो गरीव देशमा सरकारले समाजका पिछडिएका दलित, आदिवासी, जनजाति, बाल-

बालिका, महिला, वृद्ध, अशक्त, अपा□, गरीब, शोषित, सुकुमबासी, कमैया, न्यून आयवर्गका मजदूर किसान, साना व्यवसायी र न्यून वेतनभोगी कर्मचारी आदिको हित तथा सामाजिक सुरक्षा र कल्याणका लागि विशेष दायित्व निर्वाह गर्दै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । कमैया र बधुवा प्रथालाई पूर्णतया समाप्त गरिनेछ ।
निजी क्षेत्र र सरकारी क्षेत्रका उत्पादनशील शक्ति र साधनहरूको अधिकतम उपयोग गर्दै आर्थिक समृद्धि, समृद्धिको न्यायपूर्ण वितरण तथा सामाजिक न्याय र सुरक्षाको यस्तो सन्तुलित प्रजातान्त्रिक समाजवादी आर्थिक नीति र कार्यक्रम नै नेपाल र नेपाली जनताको उन्नतिको एक मात्र बाटो हो भन्ने नेपाली कांग्रेसको गहिरो विश्वास छ ।

## मानव केन्द्रित विकास : कांग्रेसको प्रयास

नेपाली कांग्रेसको दृष्टिमा विकासको पहिलो र अन्तिम तत्त्व जनता हो । ठूला-ठूला शहर, ठूला सडक, ठूला महल र अट्टालिका, आर्थिक वृद्धिका ठूला तथ्याङ्क गनेर देश विकासको कथा भन्ने र सपना देख्ने तर जनताको शक्ति र सामर्थ्य बढाउने कुरालाई बेवास्ता गर्ने विकास साँचो अर्थमा विकास हुँदै होइन । त्यसैले हाम्रो विकासको ढाँचाले प्रत्येक नेपाली जनताको क्षमता र शक्ति बढाउने कुरालाई प्राथमिकता दिनुपर्दछ । हाम्रो देशमा गरीवी, असमानता र शोषण व्याप्त छ, किनभने हाम्रो देशका बहुसंख्यक जनताका लागि आरु ना क्षमता र शक्ति विकसित गर्ने आधारहरू समान रूपमा उपलब्ध भएका छैनन् । व्यक्तिको क्षमता र सामर्थ्य बढाउने अवसर र सम्भावनाहरूको यस्तो असमान वितरणलाई सच्याउन तथा मानव केन्द्रित विकासलाई नेपालको विकास प्रयासको आधारभूत ढाँचा मानेर नेपाली कांग्रेसले निम्न कुराहरूलाई निरन्तर जोड दिनेछ–

रु शिक्षा, सीप विकास, तालिम र सूचनामा सबै नेपालीको पहुँच ।
रु सबै नेपालीका लागि स्वास्थ्य सुविधाको विस्तार ।
रु गरीवीका विरुद्ध सशक्त राष्ट्रिय अभियान ।
रु आयआर्जन र रोजगारीका अवसरहरूमा वृद्धि ।
रु व्यक्तिको स्वतन्त्रता, श्रम र हरेक पेसाको सम्मान ।
रु विकेन्द्रित शासन र स्थानीय नेतृत्वको विकास ।
रु भ्रष्टाचारमुक्त शासन-प्रशासन ।
रु प्रत्येक नेपालीमा आत्मविश्वास र सामाजिक सेवा भावको पुनर्जागरण ।

## आगामी आमनिर्वाचन र यसको पृष्ठभूमि

वितेको साढे चार वर्षको अवधिभरि राष्ट्रिय राजनीति सधैं अस्थिर भइराख्यो । सत्ताका निम्ति राजनीतिक पार्टीहरूद्वारा थुप्रै गलत ढ□का प्रयास र प्रतिस्पर्धाहरू गरिए । पटक-पटक सरकार बनाउने र भत्काउने ड्रोहरी खेलहरू भए । संसद् र सांसद पदको मर्यादा घटाउने आचरणहरू हुन थाले । त्रिशङ्कु संसद्का कारण बलियो र प्रभावकारी सरकार बन्न सकेन, अनि बलियो र प्रभावकारी सरकार बन्न नसकेका कारण देशको प्रशासन र विकास पनि स्वच्छ र गतिलो ढ□ले अघि बढ्न सकेन । पार्टीहरू गुटबन्दी र विभाजनको शिकार भए । देशको

कम्युनिस्ट आन्दोलनमा विद्यमान द्वैधता र बेइमानीका कारण नेकपा एमाले पार्टी विभाजन भएर माले र एमाले नामका पार्टीहरूको पुनर्गठन भयो । अहिले माले-एमाले दुवै पार्टी एकअर्कालाई राष्ट्रघाती, भ्रष्टाचारी र माफ्तियाशक्तिको पृष्ठपोषक भएको आरोप लगाउँदै देशको राजनीतिलाई उग्रता र द्वन्द्वतर्फ धकेल्दैछन् । राष्ट्रिय प्रजातन्त्र पार्टी पनि दलगत आचरण र अभ्यास गर्न नसकेर पार्टीका रूपमा विकसित हुन नपाउँदै विभाजित भयो । नेपाल सद्भावना पार्टी पनि विभाजित भयो । विभाजित भएका पार्टीहरू यो अवधिभरि एकअर्काको अस्तित्व स्वीकार गर्न समेत तत्पर भएनन् । पार्टी-पार्टीका बीच झगडा र आक्रमण बढ्न थाल्यो ।

यस परिस्थितिमा देशभित्र भ्रष्टाचार पनि मौलाउन थाल्यो । गरीवी र बेरोजगारीका समस्याहरू चर्किंदै गए । संवैधानिक र संसदीय व्यवस्थाका विरुद्ध हिंसा र हत्याको आतङ्ककले राजनीतिमा प्रवेश गर्न खोज्दैछ । ॅमाओवाद□का नाममा हिंसा र हत्याको आतङ्क नेपाली कांग्रेसका विरुद्ध केन्द्रित देखिए तापनि अन्ततः यसले प्रजातन्त्रलाई नै बिथोल्न खोजेको छ । यो अवस्थाबाट देशलाई मुक्ति दिलाउने एउटा मात्र उपाय जनताको शक्तिलाई आऽवान गर्नु हो भन्ने सम्झेर नेपाली कांग्रेसले चुनावको घोषणा गर्ने निर्णय गरेको हो । राजनीतिमा देखिने सबै खाले विकृति र विसँगतिहरूलाई समाप्त गर्ने जनताको शक्ति र मतलाई निर्णायक मानेर मात्र देशलाई अग्रगति दिन सकिन्छ भन्ने विश्वासका साथ नेपाली कांग्रेस अहिले ताजा जनादेशका लागि नेपाली जनताका माझमा आएको छ ।

## आगामी निर्वाचनका प्रमुख मुद्दाहरू

आगामी निर्वाचन राजनीतिमा देखिएका यी दोष र गलत प्रवृत्तिका विरुद्ध जनताको मतलाई प्रकट गर्ने अवसर हो । नेपाली जनता राजनीतिमा देखिएको हिंसा र आतङ्कका विरुद्ध छन् भन्ने पुष्टि यो आमनिर्वाचनले गर्नेछ । नेपाली जनता राजनीतिमा देखिएको खरिद-विक्री, भ्रष्ट आचरण, उग्र, आक्रामक र उत्ताउलो प्रवृत्तिका विरुद्ध छन् भन्ने कुरालाई पनि यो आमनिर्वाचनले प्रमाणित गर्नेछ । जनता त्रिशङ्कु संसद् होइन, बलियो संसद् र बहुमतको बलियो सरकार चाहन्छन्, बलियो र बहुमतको सरकार मात्र होइन, भ्रष्टाचारमुक्त शासन र देश विकासका लागि सङ्कल्प बोकेको परिपक्व र समर्थ नेतृत्व तथा एकता र सहमतिको राजनीति हुर्किएको देख्न चाहन्छन् ।

१. <u>राजनीतिक अस्थिरताको समाप्ति</u> : प्रतिनिधिसभाको त्रिशङ्कु बनोटले गर्दा विगत साढे चार वर्षमा राजनीतिक अस्थिरता उत्पन्न भई धेरै सरकार गठन र विघटन भए । राष्ट्रका आर्थिक, सामाजिक, प्रशासनिक नीति कार्यक्रममा निरन्तरता रहन सकेन । अनिश्चितताको वातावरणले राष्ट्रको विभिन्न क्षेत्रमा विकृति र विसँगति देखा परे । यस प्रकारको राजनीतिक अस्थिरता समाप्तिका लागि बहुमतको सरकारको निर्माण गर्ने विषय आगामी आमनिर्वाचनको एउटा मुख्य मुद्दा हो ।

२. <u>मूल्य र मान्यतामा आधारित राजनीति</u> : त्रिशङ्कु प्रतिनिधिसभा र बेला बेलामा हुने राजनीतिक परिवर्तनका कारण सांसदहरूमा सुविधाभोगी एवं मौका छोप्ने प्रवृत्ति विकसित भयो । सांसद खरिद विक्री, पद र सुविधाको दुरुपयोग र अमर्यादित प्रवृत्तिको विकास हुँदै सांसद जस्तो गरिमामय पदको मर्यादा एवं नैतिक शक्तिमा ह्रास आएकोले मूल्य र मान्यतामा आधारित राजनीतिप्रति सबै राजनीतिक पार्टीहरूको इमानदार प्रतिबद्धता हुनु अनिवार्य भएको छ । नेपाली

कांग्रेस यो नैतिक आन्दोलनको नेतृत्व गर्ने बचनबद्धता प्रकट गर्दै नेपाली जनतासँग सहयोग र समर्थनको माग गर्दछ ।

३. आर्थिक विकासको निरन्तरता : २०४८ सालको महानिर्वाचनपछि गठित नेपाली कांग्रेसको प्रथम निर्वाचित सरकारको समय आर्थिक विकासको दृष्टिले अत्यन्त उपलब्धिपूर्ण र सामाजिक विकास एवं गरीवी निवारण जस्ता लक्ष्य प्राप्तिका लागि पनि ड्डुलदायी भएको कुरा अन्तर्राष्ट्रिय समुदायले समेत स्वीकारेको छ । त्यस्तै त्रिशङ्कु संसद्को अवस्थामा पनि नेपाली कांग्रेसले नेतृत्व गरेको अवधि आर्थिक एवं अन्य दृष्टिकोणले राष्ट्रका लागि उपलब्धिपूर्ण रहेको छ । तसर्थ आर्थिक वृद्धि, ग्रामीण विकास, गरीवी निवारण, समतामूलक समाज जस्ता उद्देश्य प्राप्तिका लागि नेपाली कांग्रेसले थालनी गरेको विकास कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता पनि आगामी निर्वाचनको महत्त्वपूर्ण विषय भएको छ ।

४. भ्रष्टाचार र माड्डियातन्त्रबाट मुक्ति : सबै तहमा हुने आर्थिक चुहावट, तस्करी, कालाबजारी एवं भ्रष्टाचार जस्ता विकृतिले समाजलाई आक्रान्त पारेको छ । राष्ट्र-निर्माणका लागि आर्थिक अनियमितता, भ्रष्टाचार, तस्करी तथा माड्डियातन्त्रबाट देशलाई मुक्ति दिलाउनु आजको अपरिहार्यता भएको छ ।

५. सुशासनको आधार – निष्पक्ष प्रशासन : विकास प्रशासन, जनप्रशासन, न्याय सेवा, प्रहरी, निजामती, शिक्षा सेवा आदिलाई उनीहरूको निष्पक्षता, स्वायत्तता, पारदर्शिता र प्रभावकारितामा आघात पुऱ्याउने राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु, सामान्य नागरिकलाई प्रशासनिक झण्झट, ढिलासुस्ती, झमेला, आर्थिक शोषण आदि हटाउने र सरकारी संस्थानहरूमा हुने ठाडो राजनीतिक हस्तक्षेपहरूको अन्त्य गर्नु पनि सुशासनको एउटा प्रमुख मुद्दा भएको छ । ठूला र खर्चालु आयोजनाहरूलाई समयमै पूरा गर्न आवश्यक व्यवस्था गर्नुका साथै योजना प्रमुखहरू र आवश्यक अधिकृतहरूको सरुवा निश्चित समय भन्दा अगाडि गर्नुमा रोक लगाइनेछ ।

६. शान्ति-सुरक्षाको प्रत्याभूति र भयमुक्त समाज : माओवादका नाममा देशको विभिन्न भागमा भएका राजनीतिक कार्यकर्ता एवं सामान्य नागरिकको हत्या र आतङ्कले गरीवको हित गर्नुको सट्टा गरीवीबाट आहत जनताको चहराइरहेको घाउमा नूनचूक दल्ने काम मात्र गरेको छ । यो जन विरोधी र प्रजातन्त्र विरोधी आतङ्कबाट समाजलाई मुक्त गरी शान्ति सुव्यवस्था कायम गर्नु हाम्रो राजनीति र विकासको सर्वाधिक महत्त्वपूर्ण मुद्दा हो । यस घडीमा नेपाली कांग्रेस कम्युनिस्ट विचार र व्यवहारले जन्माएको अहिलेको हिंसा र हत्याको राजनीतिका विरुद्ध नेपाली जनताले शान्ति-सुरक्षा र भयमुक्त समाजको पक्षमा मतदान गर्नेछन् भन्ने विश्वास व्यक्त गर्न चाहन्छ ।

## संसद्को स्वच्छता र सक्षमता : नेपाली कांग्रेसको मान्यता

हाम्रो संसद् मुलुकका सम्पूर्ण प्रजातान्त्रिक संस्थाहरू मध्येको सर्वाधिक महत्त्वपूर्ण संस्था हो । संसद्ले नै सबै संस्थाहरूलाई विधिसम्मत हिँडाउने र बाटो देखाउने काम गर्दछ । जनतामा रहेको मुख्य शक्ति र अधिकारको प्रत्यक्ष रूपमा प्रयोग र प्रदर्शन पनि संसद्बाटै हुन्छ । साथै उत्तरदायी शासन व्यवस्थालाई व्यवहारमा उतार्न र शासनमा जनताको सहभागितालाई सुनिश्चित गर्न पनि जनताको विश्वास र आस्था बमोजिमको सक्षम संसद्को गठन आजको आवश्यकता भएको छ ।

प्रतिनिधि सभाको दोस्रो निर्वाचनमा कुनै पनि पार्टीले बहुमत ल्याउन नसकेपछि विभिन्न किसिमका एकल र संयुक्त सरकार बने । नेपाली कांग्रेसले प्रतिनिधिसभामा बहुमत हासिल गर्न नसकेको अवस्थामा प्रजातान्त्रिक संस्कार र संसदीय मान्यता अनुरूप नेकपा एमालेलाई अल्पमतको सरकार चलाउन सहयोग र समर्थन गरेको हो । तर एमालेको नौ महिने सरकारले प्रजातान्त्रिक संस्थाहरूलाई भत्काउने, प्रशासनलाई अस्तव्यस्त र आतङ्कित पार्ने, आरु नो विचारसँग असहमत हुनेहरू माथि राज्य आतङ्क चलाउने, शिक्षालाई पार्टीकरण गर्ने र पार्टी संगठनका निम्ति राष्ट्रिय ढुकुटीको व्यापक दुरुपयोग गर्ने जस्ता पूरै अधिनायकवादी शैलीको शासन सञ्चालन गऱ्यो । नेपाली कांग्रेसको बहुमतको सरकारले अङ्गालेका नीतिहरूले अन्तर्राष्ट्रिय क्षेत्रमा प्राप्त गरेको विश्वसनीयताको परिणामस्वरूप निर्णयको अवस्थासम्म आइपुगेको अरुण तेस्रो योजनालाई एमालेले आरु नो पार्टीको तात्कालिक स्वार्थ, राष्ट्रिय हितप्रतिको गम्भीर उपेक्षा, सरकारी ढिलासुस्ती र अकुशलताका कारण रद्द गराउने अवस्थामा पुऱ्यायो । नेपाली कांग्रेसले अपनाएको सङ्कल आर्थिक नीतिमा यस कालभित्र धेरै विचलन र विकृतिहरू आएपछि अन्तर्राष्ट्रिय विश्वसनीयता समेत गुम्यो । लगानीको वातावरण अस्तव्यस्त भयो । यसप्रकार एमालेको अल्पमतको शासनकाल राजनीतिक र आर्थिक सबै दृष्टिबाट मुलुकका निम्ति प्रत्युत्पादक ठहरिएको कारण नेपाली कांग्रेसले संयुक्त सरकारको अवधारणालाई स्वीकार गर्न एमालेलाई समेत आऽवान गरेको थियो । कांग्रेसले जिम्मेवार प्रतिपक्षीका हैसियतले प्रदर्शन गरेको संसदीय मान्यता अनुरूपको व्यवहार र अग्रसरतालाई पूरै बेवास्ता गर्दै एमालेले संसद् गठन भएको सात महिनामा नै प्रतिनिधि सभाको विघटनका निम्ति सिफारिस गऱ्यो । प्रधानमन्त्रीका विरुद्ध अविश्वासको प्रस्ताव दर्ता भइसकेको परिस्थितिमा संविधानका प्रावधान र संसदीय मान्यता विपरीत एमालेले प्रदर्शन गरेको अनुत्तरदायी, अप्रजातान्त्रिक र संविधानको अपव्याख्या हुने धारणा र व्यवहारले मुलुक र हाम्रो संसदीय इतिहासमा एमालेलाई गैर जिम्मेवार र अविश्वसनीय एवं अधिनायकवादी शक्तिका रूपमा स्थापित गरेको छ ।

त्रिशङ्कु संसदीय संरचनाका बीच पनि नेपाली कांग्रेसको नेतृत्वमा बनेको त्यसपछिको संयुक्त सरकारले अत्यन्त अप्ठ्यारो र कठिनाइका बावजूद जलस्रोतको उपयोग सम्बन्धी महत्त्वपूर्ण राष्ट्रिय विषयमा सबै प्रमुख राजनीतिक पार्टीहरूलाई एउटै थलोमा राखी समझदारी निर्माण गर्न समर्थ भयो । तर संयुक्त सरकारका विविध प्रयोगहरू पनि एक पछि अर्को गर्दै अस्थिर र असफल बन्न थालेपछि तथा संसद्को शक्ति र छविलाई धूमिल बनाउने आचरण हुन थालेपछि नेपाली कांग्रेसले विगत एक वर्षअघि नै ताजा जनादेश र निर्वाचनका पक्षमा आफूलाई उभ्याएको हो । नेपाली कांग्रेसका तर्ङ्बाट पार्टी सभापति एवं प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले त्यस किसिमको जटिल र कठिन परिस्थितिमा पनि मुलुकले भोगिरहेका विकराल समस्याहरूप्रति संवेदनशील हुँदै संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलसँग संसदीय संस्कृतिको जगेर्ना र संसदीय अभ्यासका क्रममा देखिएका विकृतिलाई हटाउने जस्ता गम्भीर महत्त्वका विषयहरूमा राष्ट्रिय सहमति कायम गर्दै जाने अभिप्रायले पटक-पटक पारस्परिक संवाद बढाउने कार्य गर्नुभयो । नेपाली कांग्रेसकै पहलमा बनाइएको दल त्याग ऐनको कार्यान्वयनपछि संसद्भित्र देखिएका दलीय मर्यादा विपरीतका क्रियाकलापलाई केही मात्रामा रोक्ने र मर्यादित गर्ने काम भयो तापनि यस दिशामा अझ सुधार र स्थायित्वका निम्ति नयाँ जनादेश लिनु अपरिहार्य भएको थियो । यस अवधिमा सबै राजनीतिक पार्टीहरूसँग नेपाली कांग्रेसले विकसित गरेको समझदारीका कारण तथा प्रतिस्पर्धी राजनीतिक पार्टीहरूलाई समेत

सरकारमा सहभागी गराउने सुझबुझपूर्ण निर्णयका कारण नै पहिलो पटक प्रतिनिधिसभा विघटन र आमनिर्वाचनको सिफारिसका सम्बन्धमा कुनै विवाद आएन । नेपाली कांग्रेस यही समझदारीपूर्ण सोचाइ र बाटोलाई अवलम्बन गर्दै आगामी संसद्मा समेत राजनीतिक समझदारी र प्रतिस्पर्धा बीच मुलुकमा प्रजातान्त्रिक संसदीय संस्कृतिलाई विकास गर्न चाहन्छ । संसद्भित्र र बाहिर संसद्लाई स्वच्छ एवं सक्षम जनप्रतिनिधि संस्थाका रूपमा विश्वास आर्जन गराउन चाहन्छ । एकता, सहमति र मेलमिलापको राजनीतिलाई अझ अघि बढाउन चाहन्छ ।

## देश र जनताका लागि कांग्रेस सरकारले के गऱ्यो ?

२०४८ सालको आमनिर्वाचनपछि बनेको नेपाली कांग्रेसको एकमना सरकार र २०५१ सालको आमनिर्वाचनपछि समय समयमा बनेको नेपाली कांग्रेसले नेतृत्व गरेको संयुक्त सरकार सत्तामा रहेको अवधिमा नेपाली कांग्रेसको पहलमा अत्यन्त महत्त्वपूर्ण आर्थिक-सामाजिक परिवर्तनका काम भएका छन् । नेपाली कांग्रेसले गरेका सबै कामहरू यहाँ उल्लेख गर्नु सम्भव छैन । तर पनि आफू सरकारमा रहँदा यसले गरेका केही जनमुखी निर्णयहरू, ग्रामीण स्वावलम्बन एवं पूर्वाधार विकासका लागि भएका काम तथा दीर्घकालीन राष्ट्रिय हित र समग्र आर्थिक समुन्नतिका लागि भएका कार्यहरू तल उल्लेख गरिएका छन् ।

## ;fdflhs ;'/Iff / ;f+s[ts pTyfg ;DaGwL

१. <u>वृद्ध, विधवा र अपा□ भत्ताका लागि ठूलो धनराशि</u> : नेपाली कांग्रेसको सरकारले ६० वर्ष नाघेका निसहाय विधवाहरू तथा अपा□हरूलाई भत्ताको व्यवस्था गरेको छ । निसहाय, विधवा, वृद्ध एवं अपा□ भत्ताका लागि यस वर्ष नेपाली कांग्रेसको सरकारले हालसम्म व्यवस्था भएको सबै भन्दा ठूलो रकम ४० करोड विनियोजन गरेको छ । वृद्ध भत्ता कटौती गरियो भनेर झूटो प्रचार गर्ने प्रतिस्पर्धी पार्टीहरू यो सत्य थाहा पाएपछि निरुत्तर भएका छन् ।

२. <u>दलितवर्गको उत्थान र छात्रवृत्ति कार्यक्रम</u> : अधिराज्यभरिका सबै प्राथमिक विद्यालयहरूमा कक्षा ३ सम्म पढ्ने दलित जातिका प्रत्येक बाल-बालिकाहरूलाई महिनैपिच्छे रु.२५ को छात्रवृत्ति प्रदान गरी दलित जातिलाई शिक्षाको अवसर प्राप्त गर्न नेपाली कांग्रेसको सरकारले प्रोत्साहन गरेको छ । त्यसै गरी दलितहरूका समस्या पहिचान र उत्थानका लागि नेपाली कांग्रेसले पहिलो पटक प्रभावशाली कार्यक्रम, केन्द्रीय संस्थाको निर्माण र साधन परिचालन गर्ने कार्यक्रम अघि बढेको छ ।

३. <u>जनजाति तथा आदिवासीका निम्ति कार्यक्रम</u> : नेपाली कांग्रेसको अग्रसरतामा देशको राष्ट्रिय योजनामा पहिलो पटक जनजाति र आदिवासीहरूको समस्याको पहिचान र समाधान, त्यसका लागि प्रभावशाली केन्द्रीय संस्थाको गठन, साधन परिचालन तथा जनजाति-आदिवासीहरूको प्रगतिका लागि थुप्रै ठोस कार्यक्रमहरूको निर्माण गरिएको छ ।

४. <u>महिलालाई प्रोत्साहन</u> : अधिराज्यका सबै प्राथमिक विद्यालयहरूमा न्यूनतम एक महिला शिक्षिका अनिवार्य रूपमा राख्नुपर्ने व्यवस्था गरेको छ । साथै महिला साक्षरता अति कम भएका अधिराज्यका १५ जिल्लाका सबै छात्राहरूलाई मासिक रु.२५ छात्रवृत्तिको व्यवस्था गरी महिला शिक्षालाई प्रोत्साहन गरेको छ । सरकारी कार्यालय वा संस्थानहरूमा महिलाहरूलाई जागिरका

लागि निश्चित स्थान सुरक्षित राख्ने नीतिको घोषणा पनि नेपाली कांग्रेसको सरकारको पालामा भएको हो ।

५. मालपोतमा आधा छुट : नेपाली कांग्रेसको पालामा किसानहरूले तिर्नुपर्ने मालपोत आधा घटाइएको छ र बाँकी आधा रकम पनि गाविस वा नगरपालिकामा नै बुझाई गाउँ वा नगरको विकासमा खर्च गर्न सकिने व्यवस्था भएको छ । मालपोत बापत अब सरकारले किसानबाट कुनै रकम लिँदैन ।

६. विपन्न वर्गका लागि ग्रामीण बैङ्क र सहुलियतपूर्ण ऋण व्यवस्था : अति गरीव र विपन्न वर्गको जीवनस्तर उठाउनका लागि अधिराज्यका पाँचै विकास क्षेत्रहरूमा ग्रामीण विकास बैङ्कको स्थापना गर्ने मौलिक र नयाँ कार्यक्रम नेपाली कांग्रेसले प्रारम्भ गरेको हो । गरीवीको रेखामुनि रहेका झण्डै १ लाख परिवारहरूको जीवनस्तर यी ग्रामीण बैङ्कका कार्यक्रम मार्फत माथि उठेको छ । विपन्न महिलाहरू अधिकार सम्पन्न भएका छन् । साना किसानहरूले लिने सानो ऋण रकममा व्याज अनुदान दिने व्यवस्था तथा साना किसानहरूको भाखा नाघेका ऋणमा राहतको व्यवस्था पनि कांग्रेसको सरकारले गरेको हो ।

७. भूकम्प, बाढी-पहिरो पीडितलाई राहत : नेपाली कांग्रेसको पहलमा भूकम्पबाट घर भत्केकाले लिएको सबै ऋणमा रु. १० हजारसम्म मिनाहा भएको छ । त्यस्तै बाढी पीडितहरू र मत्स्य व्यावसायीहरूले लिएको ऋणमा पनि धेरै हदसम्म व्याज छुटको व्यवस्था गरी राहत दिइएको छ ।

८. दुर्गम जिल्लामा नूनको भाउमा आधा कम : अधिराज्यका २२ दुर्गम जिल्लामा पठाइने आयोडिनयुक्त नूनको ढुवानीमा मात्र सरकारले अनुदान दिने गरेकोमा २०५५ श्रावणदेखि नूनको मूल्यमै सरकारले आधा अनुदान दिने व्यवस्था गरी ती जिल्लाहरूमा नून सस्तो र सुलभ बनाइएको छ ।

९. गोबर ग्याँस, सौर्य ऊर्जा एवं साना जलविद्युत्मा अनुदान : नेपाली कांग्रेसको सरकारका पालामा दुर्गम हिमाली तथा बिजुली नपुगेका पहाडी क्षेत्रमा विद्युत् पुऱ्याउन सौर्य ऊर्जा तथा साना जलविद्युत्बाट उत्पादन गरिने विद्युत् परियोजनाहरूको लागतमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिएको छ । त्यस्तै गोबर ग्याँस संयन्त्र निर्माणमा रु.१० हजारसम्मको सरकारी अनुदानको व्यवस्था गरी अधिराज्यभरि करीव ४० हजार गोबर ग्याँस निर्माण गरिसकेको छ ।

१०. क्षेत्रीय भाषालाई प्रोत्साहन : नेपाली, हिन्दी र अङ्ग्रेजी बाहेक अन्य भाषाहरू रेडियो नेपालमा पहिले सुनिदैन थियो । आदिवासी/जनजातिका आरु ना भाषा र विभिन्न क्षेत्रीय भाषालाई प्रोत्साहन दिने उद्देश्यले नेपाली कांग्रेसको सरकारले रेडियो नेपालबाट मैथिली, भोजपुरी, थारु, तामाङ, नेवार, राई/किराँती, मगर, अवधी, लिम्बु, गुरुङ, उर्दू शेर्पा, आदि भाषाहरूमा कार्यक्रम सुरु गऱ्यो । यस्तै कार्यक्रमहरू नेपाल टेलिभिजन मार्फत पनि क्रमशः प्रसारण गरिँदै आएको छ ।

११. द्वैध स्वामित्वको अन्त्य गर्ने कानून र गुठी जमीन रैकरमा परिणत : भूमिमा रहेको द्वैध स्वामित्व अन्त्य गर्ने कानून संसद्बाट पारित गराई भूमिमा जोताहाको स्वामित्वको अधिकारलाई कायम गराउने कार्य पनि नेपाली कांग्रेस सरकारमा भएकै बेलामा भएको हो । गुठी जमीनलाई रैकरमा परिणत गर्ने कार्यक्रम पनि कांग्रेसको पहलमा कार्यान्वयनमा आइसकेको छ । यस कार्यक्रमबाट गुठी जमीन कमाइरहेका लाखौँ किसानहरूले उपयुक्त मुआब्जा तिरी जमीन माथि स्वामित्व प्राप्त गर्न सकेका छन् ।

१२. <u>सुकुमबासी र कमैया समस्या</u> : नेपाली कांग्रेसको सरकारले सुकुमबासी समस्या समाधान गर्न राष्ट्रिय स्तरको आयोग गठन गरी हालसम्म ८० हजार भन्दा बढी भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराइसकेको छ । यसै गरी कमैया ऋण मोचनको कार्यक्रमद्वारा कमैया प्रथाले जन्माएको आर्थिक-सामाजिक समस्याको समाधान गर्ने कार्य प्रारम्भ भएको छ ।

१३. <u>शहीदका परिवार एवं राजनीतिक पीडितलाई सहयोग</u> : प्रजातन्त्र स्थापनाका लागि आरु नो प्राण आहुति दिने शहीदका परिवार एवं राजनीतिक पीडितहरूलाई आर्थिक सहयोग प्रदान गरिएको छ ।

## *u|dL0f :jfjnDag tyf u|dL0f ljsf;sf nflu ePsf sfdx¿*

जननेता बी.पी. कोइरालाले परिकल्पना गर्नुभएको आर्थिक विकासको ढाँचाको केन्द्रविन्दु नै गाउँ हो । बी.पी.को यही चिन्तन अनुरूप ग्रामीण क्षेत्रमा शिक्षा, स्वास्थ्य, सिँचाइ, खानेपानी, मोटरबाटो, टेलिफोन र बिजुली आदिमा आधारभूत सुविधा पुऱ्याई गाउँ घरमा आर्थिक स्वावलम्बनको आधारशिला निर्माण गर्ने कामको थालनी नेपाली कांग्रेसको पालामा भएका छन् । यस अन्तर्गत भएका केही मुख्य कामहरू :

१४. <u>गाउँ विकास कार्यक्रमको सुरुआत</u> : ग्रामीण क्षेत्रमा जनताले आफैले रोजेको कार्यक्रममा लगानी गर्न पाऊन् भन्ने उद्देश्यले नेपाली कांग्रेसको सरकारले ग्रामीण स्वावलम्बन कार्यक्रम तर्जुमा गरी प्रत्येक गाविसलाई रु.५० हजार अनुदान उपलब्ध गराएको थियो र गाविसको क्षमता अनुसार वर्षेनि रकम बढाउँदै लाने नीति लिएको थियो । कांग्रेसले प्रारम्भ गरेको यो मौलिक कार्यक्रमलाई त्यसपछिका विभिन्न सरकारले विभिन्न नाम राखे पनि कार्यक्रमलाई निरन्तरता दिन बाध्य भएका छन् ।

१५. <u>गाविसमा उपस्वास्थ्यचौकी र हुलाकको व्यवस्था</u> : अधिराज्यका सबै गाविसहरूमा उपस्वास्थ्यचौकी स्थापना गर्ने नेपाली कांग्रेसको कार्यक्रम अन्तर्गत अहिले झण्डै चार हजार उपस्वास्थ्यचौकीको निर्माण भइराखेको छ । प्रत्येक निर्वाचन क्षेत्रमा एक डाक्टर सहितको स्वास्थ्य केन्द्र स्थापना गर्ने कार्यक्रम सुरु भइसकेको छ । यस्ता स्वास्थ्यकेन्द्रहरू १२० निर्वाचन क्षेत्रमा स्थापना भइसकेका छन् । अधिराज्यका सम्पूर्ण गाविसमा हुलाक, ४० अतिरिक्त हुलाक र १४० इलाका हुलाक स्थापना गर्ने कार्यक्रमको कार्यान्वयन पनि नेपाली कांग्रेसले गरेको हो ।

१६. <u>गाउँ गाउँमा विद्यालयको स्थापना र निःशुल्क माध्यमिक शिक्षा</u> : गाउँ-गाउँमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयहरू व्यापक मात्रामा स्थापना भएको छ । नेपाली कांग्रेसको समयमा मात्र प्रावि, निमावि र माविमा थप २६ हजार शिक्षकहरूको दरबन्दी सृजना गरी अधिराज्यभरिको सबै जिल्लाहरूमा वितरण भएको छ । आधारभूत र प्राथमिक शिक्षा परियोजना सञ्चालन गरी ४० जिल्लाका सबै प्राथमिक विद्यालयहरूमा पक्की भवन निर्माण भएका छन् । यो कार्यक्रम अब अधिराज्यका सबै विद्यालयहरूमा लागु गरिनेछ । पन्ध्र सय भन्दा बढी भूकम्प निरोधक विद्यालय भवनहरू निर्माण भएको छ । १०+२ को शिक्षा प्रारम्भ भएको छ । साथै शहीदका छोराछोरीलाई उच्चशिक्षासम्म अध्ययनार्थ छात्रवृत्तिको व्यवस्था गरेको छ । नेपाली कांग्रेसको घोषणापत्र अनुसार १० कक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ ।

१७. थप ४० लाख जनसंख्यालाई खानेपानी व्यवस्था : स्वदेशी साधन तथा विदेशी सहयोग समेत परिचालन गरी नेपाली कांग्रेस सरकारमा रहेको अवधिमा थप ४० लाख जनसंख्यालाई ग्रामीण एवं शहरी क्षेत्रमा खानेपानीको सुविधा पुऱ्याइएको छ ।

१८. किसानहरूलाई दिइने ऋणमा वृद्धि : नेपाली कांग्रेस सरकारमा आउनु भन्दा पहिले करीव १ अरब रुपैयाँ बराबरको ऋण कृषि विकास बैङ्कले वर्षभरिमा वितरण गर्थ्यो भने अब यो बढेर ४ अरब ७५ करोड पुगेको छ । ग्रामीण क्षेत्रमा कार्यरत ग्रामीण विकास बैङ्क तथा गरीवी निवारणका लागि कार्यरत राम्रो रेकर्ड भएका गैरसरकारी संस्थाहरू मार्फत आगामी ६ वर्षभित्र करीव २५० करोड रकम गरीवी निवारण कार्यक्रमका लागि प्रवाह गर्ने योजना बनाएको छ ।

१९. देशभरि टेलिफोनको जालो : नेपाली कांग्रेसको समयमा देशभरि थप १ लाख भन्दा बढी टेलिफोन लाइन वितरण भइसकेका छन् । नेपाली कांग्रेस सरकारमा आउनुपूर्व देशभरिमा केवल ६५ हजार टेलिफोन लाइन उपलब्ध थियो । अहिले गाउँ गाउँमा मार्टस् र भीएचएफ सेवाहरू पुगेका छन् । चाँडै नै अधिराज्यका सबै गाविसमा टेलिफोन सुविधा पुऱ्याउने कार्यक्रम बनाइएको छ ।

२०. थप नौ हजार किलोमिटर मोटर बाटो : नेपाली कांग्रेसको समयमा राष्ट्रिय स्तरमा मात्र चार हजार किलोमिटर मोटर बाटोको निर्माण भइसकेको छ । मोटर नपुगेको सबै जिल्लाहरूमा प्राथमिकताका साथ मोटर बाटो निर्माण गर्ने कार्यक्रमलाई नेपाली कांग्रेसले अघि सारेको छ । त्यस बाहेक जिल्ला तथा नगर स्तरमा करीव ५ हजार किलोमिटर बाटो निर्माण भएको छ । यसबाट देशका कुना-कुनामा मोटरबाटोको सुविधा पुगी जनजीवनमा सुविधा पुग्न सकेको छ ।

## *bL3§fnLg /fli6o lxt / ;du|ljsf;sf nflu ePsf sfdx¿*

२१. जलस्रोतको विकासका लागि नयाँ योजनाहरू : नेपाली कांग्रेसको सरकार आउनुअघि नेपालमा एकै साथ एक भन्दा बढी जलविद्युत् आयोजना कहिले पनि सञ्चालन भएको थिएन । तर राष्ट्रको समृद्धिका लागि जलस्रोत क्षेत्रको महत्त्वलाई बुझेर नेपाली कांग्रेसले जलस्रोत विकासका लागि नयाँ नीति अपनायो । त्यही अनुरूप सरकारी क्षेत्रमा अरुण तेस्रो, काली गण्डकी “ए” तथा मध्य मर्स्या□दी जस्ता परियोजना सुरु भएको हो । अन्य आयोजनाका लागि निजी पूँजी परिचालन गर्न नयाँ कानून तथा नियमहरू बने । फलस्वरूप अहिले सरकारी क्षेत्रमा १४० मेगावाट क्षमता भएको काली गण्डकी “ए” आयोजनाको निर्माण तीव्रतापूर्वक हुँदैछ भने निजी तथा अन्य क्षेत्रमा खिम्ती (६० मेगावाट), भोटेकोशी (४० मेगावाट), मोदी (१५ मेगावाट), पुवाखोला (६ मेगावाट), चिलिमे (१५ मेगावाट), इन्द्रावती (१०मेगावाट) आयोजनाहरू एकै साथ सञ्चालित छन् । यी सबै आयोजनाहरू सम्पन्न भएपछि नेपालको जलविद्युत् शक्ति आगामी दुई वर्षभित्र हाल कायम रहेकोमा दोब्बर भन्दा बढीले वृद्धि हुनेछ । विद्युत् निर्यात गरी विदेशी मुद्रा आर्जन गरी राष्ट्रलाई समृद्ध बनाउन नेपाली कांग्रेसको सरकारले कर्णाली, पञ्चेश्वर तथा पश्चिम सेती योजनाको विस्तृत अध्ययन सम्पन्न गरिसकेको छ । नेपाली कांग्रेसको सरकारले नै कर्णाली आयोजनामा लगानी गर्न अमेरिकाको ख्याति प्राप्त बहुराष्ट्रिय कम्पनी एनरोनलाई निमन्त्रणा गरी छलफल सकारात्मक रूपमा अघि बढायो । पश्चिम सेती आयोजना कार्यान्वयन गर्न अष्ट्रेलियन कम्पनीसँग सम्झौता पनि कांग्रेसको पालामा भइसकेको छ । माथि उल्लिखित आयोजनाहरूमध्ये कांग्रेसको सरकारले अन्तर्राष्ट्रिय समुदायबाट करीव एक अरब डलरको

सहायता परिचालन गरी अरुण तेस्रो योजना समेत कार्यान्वयनको अवस्थामा ल्याएको थियो । तर देशको हित र समृद्धिका बारेमा अनभिज्ञ रहेको एमाले पार्टीको गैर जिम्मेवारी कार्यले गर्दा अरुण तेस्रो आयोजना तुहियो । एमालेले गरेको यो राष्ट्रिय अपराधका लागि जनताले एमालेलाई कहिले पनि क्षमा दिने छैन ।

२२. धुलिखेल-सिन्धुली-बर्दिबास सडकको निर्माण : नेपाली कांग्रेसको सरकारले जापानी सरकारसँग गरेको लामो प्रयास, छलफल र संझौतापछि जननेता बी.पी. कोइरालाले काठमाडौंलाई पूर्वी नेपालसँग जोड्न कोर्नुभएको धुलिखेल-सिन्धुली-बर्दिबास सडकको रेखा अब राष्ट्रिय राजमार्गको रूपमा निर्माण हुन लागेको छ । यसबाट पूर्वी नेपाल जोड्ने बाटो झण्डै २०० कि.मि. छोटो हुने मात्र होइन ढुवानी खर्चमा व्यापक बचतसँगै बागमती अञ्चल र जनकपुर अञ्चलका जिल्लाहरूमा विकासका थुप्रै सम्भावनाहरू खुल्ने छन् । आन्तरिक व्यापार सुगम हुनाका साथै काठमाडौं-कलकत्ता बीचको ढुवानी खर्च र समयको पनि निकै बचत हुनेछ ।

२३. काठमाडौंलाई मेलम्चीको पानी : काठमाडौंमा मेलम्चीको पानी ल्याउने कुरा त धेरै अघि भएको हो, तर यस कामलाई मूर्तरूप दिन विस्तृत अध्ययन, डिजाइन, कार्ययोजना र वैदेशिक स्रोत समेत जुटाई कार्यान्वयनको सुरुआत भने नेपाली कांग्रेसले गरेको हो । हाल एसियाली विकास बैङ्क, जापान, नर्वे, नर्डिक फण्ड र विश्व बैङ्क समेतको सहयोगमा मेलम्ची आयोजनाको कार्यान्वयन सुरु भएको छ ।

२४. महेन्द्र राजमार्गको सुदूर पश्चिम भागमा २२ पुलको निर्माण : महेन्द्र राजमार्गको सुदूर पश्चिमी भागमा यातायात सुविधा पुल निर्माण नहुँदा अझकल्टो रहेकोले नेपाली कांग्रेसको सरकारले भारत सरकारसँग धेरै वार्ता, छलफल र संझौता गरी २२ वटा पुल निर्माणका लागि आर्थिक सहयोग जुटाएको छ । उक्त पुलहरू हाल निर्माण भइरहेका छन् ।

२५. देशका विभिन्न भागमा २ लाख हेक्टर जमीनमा थप सिँचाइ व्यवस्था : नेपालका पहाड, तराई र हिमाली भागमा समेत सिँचाइ सुविधा पुऱ्याउन मोरङ-सुनसरी, बागमती, भैरहवा-लुम्बिनी, महाकाली, राजापुर, बबई आदि जस्ता ठूला सिँचाइ आयोजना मात्र होइन, सेक्टर सिँचाइ, आई.एल.सी., कृषि विकास बैङ्क मार्फत सिँचाइ-अनुदान आदि कार्यक्रम सञ्चालन गरी अधिराज्यका विभिन्न जिल्लामा वर्षेनि केही नयाँ सिँचाइ आयोजनाहरू सुरु गरिएका छन् । नेपाली कांग्रेसले सत्ता सम्हालेको वर्षहरूमा मात्र २ लाख हेक्टर भन्दा बढी जमीनमा थप सिँचाइ सुविधा पुऱ्याइसकेको छ ।

२६. बृहत् स्वास्थ्य प्रतिष्ठान तथा मेडिकल कलेजहरूको स्थापना : उच्चस्तरीय स्वास्थ्य सेवा तथा क्यान्सर जस्ता रोगहरूको उपचार गर्ने मेडिकल कलेजको अभावलाई ध्यानमा राखी नेपाली कांग्रेसको सरकारले नयाँ स्वास्थ्य प्रतिष्ठानहरूको स्थापना गऱ्यो । भरतपुरमा बी.पी. कोइराला क्यान्सर अस्पताल निर्माण भयो । धरानमा बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना भयो । पोखरा, नेपालगञ्ज, भरतपुर, भैरहवा र काठमाडौंमा नयाँ मेडिकल कलेजहरू स्थापना भइसकेको छ । दश वर्षअघि देशमा एक मात्र मेडिकल कलेज थियो भने अहिले आएर देशका विभिन्न भागमा ६ वटा मेडिकल कलेजहरू खुलिसकेका छन् ।

२७. नयाँ विश्वविद्यालय तथा इन्जिनीयरिङ कलेजहरू : २०४६ सालअघि त्रिभुवन विश्वविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालय मात्र उच्च शिक्षाका केन्द्र थिए । नेपाली कांग्रेसको सरकारको समयमा निजी क्षेत्रमा काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय (विराटनगर) र पश्चिमाञ्चलमा पोखरा विश्वविद्यालयको सुरुआत भयो । नेपाली कांग्रेसको पहलमा कृषि

विश्वविद्यालय स्थापना गर्ने योजना समेत बनेको छ भने नयाँ इञ्जिनीयरिङ कलेजहरू पनि यस अवधिमा खुलेका छन् ।

२८. नयाँ आर्थिक नीतिको सुरुआत र नयाँ उद्योग एवं विविध व्यवसायहरूमा वृद्धि : प्रथम आम निर्वाचनपछि नेपाली कांग्रेसको सरकारको उदार तथा खुला अर्थनीति अनुरूप नयाँ औद्योगिक नीतिको घोषणा भयो । निजी क्षेत्रको उद्यमशीलतालाई निरुत्साहित गर्ने कतिपय नियन्त्रणात्मक लाइसेन्स तथा परमिट जस्ता व्यवस्था खारेज गरिए । जसको फलस्वरूप निजी क्षेत्रमा स-साना, मझौला र ठूला सबै प्रकारका धेरै उद्योगहरू खुले । परवानीपुर, बुटवल र विराटनगरमा ठूला स्पिनिङ मिल, रौतहट, कपिलवस्तु, महोत्तरी, धनगढी र सुनसरीमा ठूला चिनी मिलहरू, जूट उद्योग, खाद्य वस्तु उद्योग तथा थुप्रै गार्मेण्ट र कार्पेट उद्योग आदि स्थापना भयो । आन्तरिक हवाई सेवामा अभूतपूर्व विस्तार भयो । धेरै निजी कम्पनीहरू स्थापित भए । देशका विभिन्न भाग र कुनाकाप्चामा समेत हवाई सेवा पुगी आवागमनमा धेरै सुविधा पुग्यो । धेरै नयाँ बैङ्क, वीमा कम्पनी, वित्तीय कम्पनी एवं अन्य वित्तीय संस्थाहरू खुले । प्रतिस्पर्धात्मक वातावरणमा उपभोक्ताहरूले पाउने सुविधा र सेवाहरू वृद्धि भयो । लाखौं व्यक्तिहरूले रोजगारीको अवसर पाए । बहुराष्ट्रिय कम्पनीहरूको पनि नेपालमा प्रवेश भयो । बन्द भइसकेको रघुपति जूट मिल जस्ता उद्योगहरू निजीकरणपछि पुनः सञ्चालनमा आएपछि हजारौं व्यक्तिले रोजगारी पाएका छन् ।

२९. कुल निकासी ७ अरबबाट ३० अरब : नेपाली कांग्रेसले अवलम्बन गरेको खुला आर्थिक नीति तथा देशमा बढ्दै गएको औद्योगिक व्यवसाय र विदेशी बजारमा नेपाली वस्तुहरूको प्रवर्द्धनको फलस्वरूप नेपाली कांग्रेसले सुरुमा सत्ता सम्हाल्दा कुल निकासी रु.७ अरब ४० करोड बराबरबाट सुरु भई यस आर्थिक वर्षमा रु.३० अरब पुग्ने अनुमान गरिएको छ ।

३०. राजस्वमा वृद्धि तथा विकासका लागि सरकारी खर्चमा ठूलो धनराशि : नेपाली कांग्रेसले सुरुमा सत्ता सम्हाल्दाका वर्षमा रु.१० अरब ७३ करोडको राजस्व उठ्थ्यो । अब यो बढेर करीव रु.३९ अरब पुग्दैछ । नेपाली कांग्रेसले सत्तामा जाँदा जहिले पनि तस्करी र राजस्व चुहावटलाई नियन्त्रण गरेको छ । यसले गर्दा आरु नो समयमा राजस्व वृद्धि गराउन नेपाली कांग्रेस सफल भएको हो । फलस्वरूप अब विकास निर्माणका लागि ठूलो धनराशि विनियोजन गर्न सम्भव भयो । स्थानीय विकास, शिक्षा, स्वास्थ्य, सिँचाइ, विद्युत्, खानेपानी तथा यातायातमा विकास बजेट सालाखाला झण्डै चार सय प्रतिशतले वृद्धि भएको छ ।

३१. विदेशी मुद्राको सञ्चिति ७१ अरब : नेपाली कांग्रेसले सत्ता सम्हाल्दा करीव १७ अरब बराबरको विदेशी मुद्राको सञ्चिति थियो । नेपाली कांग्रेसले लिएको आर्थिक सुधार कार्यक्रम तथा सशक्त आर्थिक प्रशासनको फलस्वरूप यो रकम बढेर ७१ अरब रुपैयाँ पुग्यो । डलरकै सन्दर्भमा हिसाब गर्ने हो भने पनि ६२ करोड डलरको सञ्चिति बढेर एक अरब डलर भन्दा बढी पुगेको छ । विदेशी मुद्राको सञ्चितिमा वृद्धिको अर्थ राजस्वमा वृद्धि तथा भुक्तानी सन्तुलनमा सुधार एवं विदेशी मुद्राका लागि वैदेशिक निर्भरता कम हुनु हो ।

३२. विकेन्द्रीकरण मार्फत सिंहदरवारको अधिकार गाउँ-गाउँमा : नेपाली कांग्रेस शक्ति विकेन्द्रीकरणमा विश्वास गर्छ । त्यसैले सिंहदरवार तथा मन्त्रालय र विभागमा रहेको अधिकारलाई गाउँ-गाउँमा पुऱ्याउन स्थानीय स्वायत्त शासन विधेयक संसद्बाट पारित गराई गाविस, नगरपालिका, जिविस जस्ता स्थानीय निकायहरूलाई अधिकार एवं साधन सम्पन्न गराउने अभियानलाई कांग्रेसले अघि बढाएको हो । स्थानीय निकायको महासंघहरूको स्थापना

नेपाली कांग्रेसबाटै निर्वाचित स्थानीय निकायका पदाधिकारीहरूको पहल र नेतृत्वमा भएको हो भने यिनीहरूलाई नेपाली कांग्रेसकै नेतृत्वको सरकारले मान्यता दिएको कुरा यस प्रस□मा उल्लेखनीय रहेको छ ।

३३. <u>माओवादी आतङ्कित जिल्लाहरूमा निर्वाचन</u> : नेपाली कांग्रेसले नेतृत्व गरेको वर्तमान सरकारले सत्ता सम्हालेपछि माओवादी आतङ्कवादी गतिविधिका कारणले पहिले स्थानीय निर्वाचन हुन नसकेका जिल्लाहरूमा स्थानीय निर्वाचन गराइयो । ठूलो संख्यामा जनताले प्रजातान्त्रिक प्रक्रियाद्वारा शान्तिपूर्ण ढ□बाट मतदान गर्न सके । यसबाट प्रजातन्त्रलाई बिथोल्न चाहने आतङ्कवादी समूहको मनोबल घटेको छ ।

३४. <u>रोजगारीको नयाँ कार्यक्रम</u> : देशको प्रमुख समस्या नै युवा बेरोजगारी हो भन्ने तथ्यलाई ध्यानमा राखी नेपाली कांग्रेसले "घरघरमा रोजगार, गाउँ गाउँमा विकास" भन्ने नारा सहित रोजगार प्रवर्द्धन आयोगको गठन गरेको छ । सबै निर्वाचन क्षेत्रबाट युवाहरूलाई वैदेशिक रोजगारीको अवसर दिलाउने, सीप विकास गरी स्वरोजगार सृजना गर्ने कार्यक्रम नेपाली कांग्रेसले ल्याएको छ ।

३५. <u>महिला सशक्तीकरण तथा सम्पत्तिको हक</u> : महिला सशक्तीकरणका लागि नेपाली कांग्रेसको समयमा ल्याइएको स्थानीय स्वशासन विधेयकले ३६ हजार भन्दा बढी महिलाहरूलाई स्थानीय निकायहरूमा निर्वाचित हुने व्यवस्था गरेको छ । महिलाहरूलाई पैतृक सम्पत्तिमा अधिकार दिलाउने कुरा प्रति पूर्ण प्रतिबद्धता प्रकट गर्दै संसद्मा प्रस्तुत भएको विधेयकलाई पारित गराउन नेपाली कांग्रेस सङ्कल्पबद्ध छ ।

नेपाली कांग्रेसले गरेका कामहरूको यी केवल केही उदाहरण मात्र हुन् । यस्ता अनगिन्ती काम नेपाली कांग्रेसले गरेको छ । आर्थिक उन्नति नभई प्रजातन्त्र दिगो रहन सक्तैन भन्ने कुरालाई मूल मन्त्रको रूपमा लिने नेपाली कांग्रेसले छोटै समयमा पनि राष्ट्रको आर्थिक विकासका भौतिक र सामाजिक पूर्वाधारहरू स्थापना गर्न सफलता हासिल गरेको छ । भविष्यमा पनि यी कामहरूलाई निरन्तरता दिन नेपाली कांग्रेस कटिबद्ध छ ।

## भविष्यको चुनौती र कार्यक्रम

हामी डेढ वर्षभित्र नै एक्काइसौं शताब्दीमा प्रवेश गर्दैछौं । विज्ञान एवं प्रविधिको सहयोगले आज विश्वको एक भागमा अकल्पनीय विकास एवं समृद्धि आइसकेको छ । खास गरी यातायात एवं सञ्चार क्षेत्रमा भएको अभूतपूर्व विकासले गर्दा आज संसार साँघुरिएर एक सानो गाउँ जस्तो भइसकेको छ । हाम्रा दुवै छिमेकी देशहरू एवं सम्पूर्ण दक्षिण एसिया परिवर्तनको तीव्र चाहना र प्रभावले गतिशील भएको छ । यस अवस्थामा विश्वको एक भागमा घटेका घटना र भएका परिवर्तनबाट अर्को भाग अछुतो रहन सक्तैन । अन्य देशहरूले आर्थिक विकास गरी समृद्धिको शिखरमा पुग्दा हामीले आरु ना जनतालाई न्यूनतम सुविधा पनि पुऱ्याउन नसक्ने हो भने हाम्रो सामाजिक र राजनैतिक संरचनाले स्थिरता पाउन सक्तैन । सञ्चार क्षेत्रमा आएको अभूतपूर्व परिवर्तनले सर्वसाधारण जनताको आकाङ्क्षामा पनि धेरै परिवर्तन आइसकेको छ । तसर्थ हाम्रो मुलुकको विकास प्रयास र भावी रणनीति एक्काइसौं शताब्दीको हाँक अनुरूप हुनुपर्छ । हामीसँग भएको तुलनात्मक लाभका क्षेत्रहरू पहिल्याई परिचालन हुन सक्ने साधन

स्रोत, जाँगर, पूँजी, प्रविधि एवं व्यवस्थापन कौशल त्यस्ता क्षेत्रहरूको विकासमा उपयोग गरी नेपाललाई एक सम्मुन्नत एवं समृद्धशाली मुलुकको रूपमा विकसित गराउनु आजको आवश्यकता एवं हाँक हो । यस चुनौतीको सामना गर्न सक्ने राजनीतिक नेतृत्व, इमानदारी, सुझबुझ एवं क्षमता, अतीतको सङ्कलता एवं भविष्यका लागि दूरदृष्टि नेपाली कांग्रेसमा मात्र देखिएको छ । आमनिर्वाचनपछि नेपालको आर्थिक-सामाजिक विकासका लागि नेपाली कांग्रेसको प्राथमिकता र कार्यक्रमले नेपाल र नेपाली जनताको भविष्यलाई उज्ज्वल बनाउने आधारको निर्माण गर्नेछ ।

## राष्ट्रिय समृद्धि : उत्पादन एवं आयमा वृद्धि

उत्पादन एवं आय नबढी न राष्ट्रको समृद्धि बढ्न सक्छ न गरीवी एवं दरिद्रताको निराकरण गर्न सकिन्छ । त्यसैले नेपाली कांग्रेसले उत्पादन एवं राष्ट्रिय आय बढाउने कार्यक्रमहरूलाई प्राथमिकता दिनेछ । कृषि, जलस्रोत, वन, पर्यटन जस्ता तुलनात्मक लाभ भएका क्षेत्रहरूको विकासबाट प्रशस्त राष्ट्रिय आय वृद्धि गरिनेछ । यिनै क्षेत्रहरूलाई आधार मानी औद्योगीकरण एवं आर्थिक क्रियाकलापहरूको विस्तार गरी रोजगारीका असंख्य अवसरहरू सृजना हुनेछन् । आय एवं उत्पादन वृद्धि गर्ने आर्थिक क्रियाकलापहरूमा निजी, गैरसरकारी एवं सहकारी लगायतका सबै क्षेत्रहरूलाई क्रियाशील गराउन नेपाली कांग्रेसले विगतमा अपनाएको उदारवादी अर्थनीतिलाई अनुभवको आधारमा परिमार्जन गर्दै निरन्तरता दिइने छ । स्वदेशी एवं वैदेशिक लगानीलाई प्रोत्साहित गर्न बाँकी रहेका अवरोधहरू पनि हटाइने छन् । सरकारी क्षेत्रमा राम्रोसँग चल्न नसकी आर्थिक रूपमा बोझ बनेका एवं निजी क्षेत्रमा सक्षमतापूर्वक प्रतिस्पर्धात्मक रूपमा चल्न सक्ने उद्योग व्यवसायहरूलाई आवश्यकता अनुसार निजी क्षेत्रमा हस्तान्तरण गरिने छ । सरकारी क्षेत्रमै सञ्चालन हुन आवश्यक देखिएका सार्वजनिक संस्थानहरूको व्यवस्थापनमा सुधार ल्याई दक्षता वृद्धि गरिनेछ । नेपाली कांग्रेस आगामी पाँच वर्षको अवधिमा न्यूनतम ६ प्रतिशतले राष्ट्रिय आय वृद्धि गराउने आर्थिक कार्यक्रम र अभियानका लागि क्रियाशील रहनेछ । आगामी २० वर्षभित्र नेपालीको औसत प्रति व्यक्ति आय स्थिर मूल्यमा कम से कम ७०० डलर पुऱ्याउने लक्ष्य राखी आर्थिक कार्यक्रम निर्माण गरिनेछ ।

## आर्थिक रूपान्तरणको आधार : कृषि क्रान्ति

नेपालको आर्थिक रूपान्तरणका लागि कृषि क्षेत्रको आधुनिकीकरण जरुरी छ । मूलतः ग्रामीण क्षेत्रमा बसोवास गर्ने जीविकाका लागि कृषि क्षेत्रमा निर्भर रहेका ८० प्रतिशत नेपालीहरूको जीवनस्तर उठाउन कृषि क्रान्ति अनिवार्य छ भन्ने नेपाली कांग्रेस ठान्दछ । नेपाली कांग्रेसले बाह्रै महिना दिन रात काम गर्दा पनि न्यून उत्पादकत्वको कारणबाट वर्षमा ६ महिना पनि खान नपुग्ने अहिलेको निर्वाहमुखी खेती प्रणालीलाई कृषि क्रान्तिको माध्यमबाट बजार एवं व्यवसायमुखी प्रणालीमा रूपान्तर गर्नेछ । नेपालको भौगोलिक विविधतालाई ध्यानमा राख्दा आवश्यक भौतिक पूर्वाधारको विकास गरी उचित लगानी एवं सुहाउँदो ज्ञान र प्रविधिको आधारमा देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिने मात्र होइन नेपालको कृषिवस्तु विदेशी

बजारमा विक्री गरी प्रशस्त विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । यसबाट मात्र किसानको जीवनस्तर माथि जान सक्छ र उनीहरूको घरदैलोमा आर्थिक समृद्धि ल्याउन सकिन्छ । यस महत्त्वपूर्ण उद्देश्य प्राप्ति गर्नाका लागि नेपाली कांग्रेसको सरकारले २० वर्षे कृषि योजनाको तर्जुमा गरी कार्यान्वयनको थालनी समेत गरेको छ । कृषि क्रान्तिका लागि नेपाली कांग्रेसले यो २० वर्षीय योजनालाई आधार मानी आगामी पाँच वर्षका लागि निम्नलिखित रणनीतिको अवलम्वन गर्नेछ ।

६ आगामी २० वर्षभित्र अधिराज्यभरिका सिँचाइ सुविधा पुऱ्याउन सकिने सम्पूर्ण खेतीयोग्य जमीनमा साना, मझौला र ठूला सिँचाइ आयोजनाको माध्यमबाट सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य अनुरूप सिँचाइ कार्यक्रमलाई अघि बढाइनेछ । भेरीको पानीलाई सुरु□ खनी बबई नदीमा ल्याउने भेरी डाइभर्सन आयोजना एवं सुनकोशीको पानीलाई सुरु□ मार्गबाट कमला नदीमा झारी पश्चिमी तराई एवं पूर्वी तराईको सिँचाइ हुन नसकेको ठूला भागलाई सिञ्चित गर्ने आयोजना कार्यान्वयन गरिनेछ ।

६ नदी-नाला‌का स्रोत अभाव रहेका ठाउँहरूमा सिँचाइ तथा खानेपानीका लागि आकाशे र वर्षाको पानी सङ्कलन लगायतका उपाय अवलम्बन गर्न पानी

व्यवस्थापन सम्बन्धी कार्यक्रम ल्याइनेछ ।

६ तराई, पहाड र हिमाल क्षेत्रका सबै महत्त्वपूर्ण कृषि सडकहरू निर्माण गरी किसानको उपज बजारसम्म र बजारबाट कृषि मल, बीउ, कृषि औजार, एवं औषधि सुगमतापूर्वक कम ढुवानी खर्चमा किसानको घरदैलोमा पुऱ्याइनेछ ।

६ किसानले कृषि उपजको उचित मूल्य पाउने नीति अख्तियार गरिनेछ । किसानका उपजहरूको खरिद-विक्रीका लागि कृषि बजारको व्यवस्था र विकासलाई प्रोत्साहित गरिनेछ । किसानको हितमा हुने गरी कृषि उपजको समर्थन मूल्य निर्धारण गर्न स्थायी प्रकृतिको मूल्य निर्धारण आयोग गठन गरिनेछ । वैदेशिक बजारहरूको समेत खोजी गरी किसानलाई प्रोत्साहित गरिनेछ ।

६ समयमै उचित मूल्यमा किसानको घरदैलोमा गुणस्तरयुक्त रासायनिक मल उपलब्ध गराउनेछ र आपूर्तिको अभाव हुन दिइनेछैन ।

६ पर्याप्त मात्रामा कृषि ऋण गाउँ-गाउँमा उपलब्ध गराइनेछ । साना ऋण एवं नयाँ किसिमको राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरिने कृषि ऋणमा सरकारको तर्फबाट ब्याज अनुदान समेतको व्यवस्था गरिनेछ ।

६ कोदो, मकै जस्ता परम्परागत बाली एवं निर्वाहमुखी खेती प्रणालीमा मात्र आधारित रहँदा जीवन निर्वाह नहुने भएकोले पशुपालन, फलफूल र तरकारी, जडिबुटी एवं औद्योगिक कच्चापदार्थ उत्पादन गर्ने व्यवसायमूलक खेती गरी कृषि क्षेत्रमा व्यापक विविधीकरण एवं आधुनिकीकरण गरिनेछ ।

६ शीत भण्डारहरू निर्माण गर्नका लागि ब्याज अनुदानको व्यवस्था गरिनेछ ।

६ आगामी पाँच वर्षभित्र सम्भाव्यता अध्ययनको आधारमा रासायनिक मल कारखाना स्थापना गर्न पहल गरिनेछ ।

६ कृषिजन्य उद्योग स्थापनामा जोड दिई किसानलाई प्रोत्साहन गरिनेछ ।

## ास्रोतको विकास : राष्ट्रिय समृद्धिको आधार

प्रकृतिले हामीलाई अपार जलस्रोतको भण्डार दिए तापनि हामीले त्यसको समुचित उपयोग गरी गरीवी उन्मूलन गर्न र राष्ट्रिय समृद्धि बढाउनका लागि यसको प्रयोग गर्न सकेका छैनौं । विगत वर्षहरूमा नेपाली कांग्रेस सरकारमा रहँदा यो राष्ट्रिय सम्पदाको विकास गर्न ऐन नियमहरूको तर्जुमाका साथै विभिन्न नीति एवं कार्यक्रमहरू आए, फलस्वरूप सरकारी र निजी, स्वदेशी एवं विदेशी लगानी जलस्रोतको क्षेत्रमा भित्र्याइए । हाल ८ वटा विद्युत् आयोजनाहरू कार्यान्वयनमा छन् । यी योजनाहरूबाट आगामी २/३ वर्षभित्र नै देशमा थप ३२० मेगावाट क्षमताको विद्युत् शक्ति उत्पादन हुनेछ । अहिले कार्यान्वयनमा रहेका जलविद्युत् आयोजनाहरू निकट भविष्यमै सम्पन्न भएपछि हालसम्म अँध्यारोमै रहनुपरेका हाम्रा असंख्य गाउँ-शहर र बजारमा विद्युत् सेवा पुग्ने मात्र होइन ऊर्जाको उपलब्धताले लाखौं रोजगारीको अवसर खुल्नेछ । राजस्वमा वृद्धि हुनेछ । विकास निर्माणका लागि थप साधन उपलब्ध हुनेछन् । तर यति मात्र पर्याप्त छैन । हाम्रो विशाल जलसम्पदाबाट देशमा समृद्धि ल्याउन कर्णाली, महाकाली, कोशी, गण्डकीबाट निरन्तर प्रवाहित भइरहेको पानीलाई छिटो बिजुली उत्पादन, सिँचाइ, जलमार्ग जस्ता विविध प्रयोजनका लागि उपयोग गरिनुपर्दछ । नेपालको जलसम्पदाको उपयोगबाट हामीलाई मात्र नभई छिमेकी मुलुकहरूलाई पनि विद्युत् बेचेर देशले ठूलो आर्थिक लाभ लिन

सक्छ । नेपाली कांग्रेसले नेतृत्व गरेको सरकारका पालामा भएको महाकाली सन्धिले समानताको आधारमा दुई देशको हितका लागि महाकाली नदीको जल उपयोगको सिद्धान्तलाई स्वीकार गरेको छ । त्यस्तै भारतमा बिजुली विक्री गर्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको पश्चिम सेती आयोजनाले पनि नेपालमा वर्षेनि अरबौंको थप आय सृजना गर्दछ । जलस्रोतको विकासका लागि नेपाली कांग्रेसले भविष्यमा निम्न बमोजिमको नीति अख्तियार गर्नेछ–

६ हाल निर्माणाधीन रहेका विद्युत् आयोजनाहरू यथाशीघ्र सम्पन्न गरी पश्चीम सेती र पञ्चेश्वर योजना कार्यान्वयनका लागि बाँकी रहेका कार्यहरूको शीघ्र कार्यान्वयनमा जोड दिइनेछ । यस्तै कोशी, कर्णाली जस्ता अन्य निर्यातजन्य बृहत् आयोजनाका लागि अन्तर्राष्ट्रिय पूँजी आकर्षित गरिनेछ । यस्ता आयोजनाहरू कार्यान्वयन गर्दा राष्ट्रिय हक र हितको सुरक्षा गरिनेछ ।

६ चमेलिया, लिखुखोला, कावेली, अपरकर्णाली जस्ता साना तथा मझौला आयोजनाहरूलाई सम्भव भएसम्म स्वदेशी पूँजी परिचालन गरी निर्माण गरिनेछ ।

६ हालसम्म विद्युत् सेवा नपुगेका ठाउँहरूमा केन्द्रीय प्रसारण लाइनको विस्तार गरिनेछ ।

६ प्रसारण लाइन विस्तार गर्न सम्भव नभएका स्थानहरूमा स्थानीय स्तरमै साना जलविद्युत् केन्द्रहरू निर्माण गरी विद्युतीकरण गरिनेछ । खासगरी जलविद्युत् सेवा पुऱ्याउन महँगो पर्ने र समय लाग्ने दुर्गम ठाउँहरूमा सरकारी अनुदान समेत प्रदान गरी सौर्य ऊर्जाको विकास गरिनेछ ।

६ जलमार्गको विकास गरी समुन्द्रसम्म पुग्ने नेपालको चाहनालाई मूर्तरूप दिने कार्यक्रम र तयारीलाई अघि बढाइनेछ ।

## राजस्वमा सुधार : खर्चमा मितव्ययिता

देशमा आर्थिक एवं सामाजिक विकासका लागि यथेष्ट लगानी एवं प्रशासन, सेना, प्रहरी एवं न्याय सेवा सम्पादनका लागि आन्तरिक साधन बढी से बढी मात्रामा जुटाउन राजस्व असुलीमा वृद्धि हुनु जरुरी छ । नेपाली कांग्रेस निमुखा, निर्धन एवं न्यून आय भएका जनतालाई कर भार कम गर्दै सम्पन्न एवं सुविधा प्राप्त वर्गलाई प्रगतिशील कर प्रणालीको परिधिभित्र ल्याउने कुरामा विश्वास गर्दछ । कर चुहावट, तस्करी, कालाबजारी जस्ता सामाजिक एवं आर्थिक अपराधलाई नियन्त्रण गरी नेपाली कांग्रेस कर प्रशासनलाई सरल एवं सुदृढ बनाउन चाहन्छ । आगामी दिनमा हाम्रो कर प्रणालीलाई कम करभार एवं व्यापक आधारको, बढी पारदर्शी एवं लेखामा आधारित बनाइनेछ । कर प्रशासनलाई सरल, झण्झट र दवावरहित बनाउनुका साथै मूल्य अभिवृद्धि करलाई सरल र द्विविधारहित बनाउँदै लैजान निरन्तर अनुगमन र सुधारमा जोड दिइनेछ । अनावश्यक एवं अनुत्पादक खर्चमा नियन्त्रण गरिनेछ । सरकारी खर्चमा भोजभतेर, तडकभडक, खर्चिलो विदेशी भ्रमण आदिमा नियन्त्रण गरी जनताबाट उठाइएको करलाई राष्ट्र निर्माण, स्वच्छ प्रशासन एवं न्याय सम्पादन जस्ता लक्ष्य प्राप्तिका लागि मितव्ययितापूर्ण ढ□ले उपयोग गरिनेछ । सरकारी खर्चमा हुने चुहावट, कमीसनखोरी एवं भ्रष्टाचार विरुद्ध कडा कानूनी व्यवस्था मिलाउनुका साथै प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

## उद्योग, पर्यटन र वाणिज्य : अर्थतन्त्रको मेरुदण्ड

नेपालमा आधुनिक औद्योगीकरणको उदार वातावरण नेपाली कांग्रेसको समयमा नै तयार पारिएको हो । फलस्वरूप देशमा अहिले स्वदेशी एवं विदेशी पूँजी लगानी वृद्धि भई उद्योग-वाणिज्य क्षेत्रको निकै विस्तार भएको छ । जसको फलस्वरूप करीव २ लाख ३५ हजार रोजगारी सृजना भएको अनुमान गरिएको छ । साथै भौगोलिक विविधता, प्राकृतिक सुन्दरता, सांस्कृतिक र कलात्मक सम्पदा पर्यटन व्यवसाय नेपाली अर्थतन्त्रको महत्त्वपूर्ण आधार बन्न सक्ने अवस्था छ । त्यसैले उद्योग-वाणिज्य सँगसँगै पर्यटन-विकासका सम्भावना क्षेत्रहरूलाई पहिचान गरी आगामी दिनहरूमा नेपाली कांग्रेसले विगतको नीतिलाई अझ बढी प्रभावकारी रूपमा निम्नलिखित कार्यक्रम लागु गर्नेछ–

६ कृषि पैदावार, खानी, ऊर्जामूलक, वन्य एवं छाला जस्ता स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरूलाई प्रोत्साहन गर्दै कृषि, वन तथा अन्य क्षेत्रहरूको व्यवसायीकरण गरी राष्ट्रिय आयमा अधिक से अधिक वृद्धि गरिनेछ ।

६ उद्योगहरूको प्रवर्द्धन एवं संचालनका निम्ति आवश्यक सबै कार्यमा एकद्वार प्रणालीलाई प्रभावकारी एवं सशक्त बनाइनेछ । निजी क्षेत्रको लगानी वृद्धिका लागि अझ बढी विश्वसनीय वातावरण तयार पारी अवरोध र अप्ठचाराहरू हटाइनेछन् ।

६ रोजगारी वृद्धि गर्ने श्रममूलक प्रविधिलाई प्राथमिकता दिइनेछ ।

६ साना एवं स्वदेशी परम्परागत सीप झल्कने घरेलु एवं हस्तकलाका क्षेत्रहरू स्वदेशी लगानीकर्ताहरूलाई सुरक्षित राखिनेछ भने तुलनात्मक लाभ भएका आधुनिक प्रविधि आवश्यक पर्ने क्षेत्रमा स्वदेशी एवं विदेशी लगानीकर्तालाई प्रोत्साहन दिइनेछ ।

६ उद्योगहरूबाट वातावरणमा पर्न सक्ने प्रदूषणलाई न्यून गर्ने व्यवस्था मिलाइनेछ ।

६ आधुनिक प्रविधिमा आधारित तथा प्रशस्त निर्यात सम्भावना भएको कम्प्यूटर सरु टवयर उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन गर्ने नीति र कार्यक्रम ल्याइनेछ ।

६ निर्यात व्यापार बढाउन परम्परागत कार्पेट एवं तयारी कपडाका अतिरिक्त अन्य नयाँ वस्तुहरूको पहिचान गरी निर्यातयोग्य वस्तुहरूको विविधीकरण गरिनेछ ।

६ निकासी प्रक्रियालाई सकेसम्म सरल बनाइनेछ । विदेशस्थित हाम्रा नियोगहरूलाई निकासी एवं पर्यटन प्रवर्द्धन गर्ने कार्यमा उपयोग गरिनेछ । विदेशी मित्रराष्ट्र एवं सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरूसँग नयाँ व्यापारिक सन्धि एवं सम्झौता गरी विश्व बजारमा नेपाली वस्तुहरूको प्रवर्द्धन गरिनेछ ।

६ औद्योगिक वस्तु तथा उच्च मूल्य भएका चिया, कफी, अलैंची, बीउ, फलफूल, रेशम, च्याउ, केशर, औषधीजन्य जडिबुटी आदि वस्तुलाई प्रशोधन समेत गरी विदेशी बजारमा निर्यात गर्ने कार्यलाई प्रभावकारी र व्यवस्थित पारिनेछ ।

६ वैदेशिक व्यापारलाई सुगम-सजिलो बनाउन, पारवहन सुविधामा सुधार ल्याउन विभिन्न भन्सार नाकामा सुखा बन्दरगाहको व्यवस्था गरिनेछ ।

६ पर्यटन विकासको सम्भावना भएको नयाँ स्थलहरूको पहिचान गरी पूर्वाधारहरूको विकास गर्ने तथा पर्यटकहरूलाई देशका विभिन्न भागमा आकर्षित गर्नेछ ।

६ ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं कलात्मक महत्त्वका भवन, मठ, मन्दिर आदिलाई राष्ट्रिय सम्पदाको रूपमा संरक्षण, संवर्द्धन गर्नाका साथै धार्मिक-सांस्कृतिक पर्यटनको गुणस्तरयुक्त नयाँ बजार खोजी गरिनेछ ।

६ लुम्बिनी क्षेत्रलाई अन्तर्राष्ट्रिय पर्यटन केन्द्रको रूपमा विकसित गर्दै लगिनेछ र त्यस क्षेत्रमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सुरु गरिनेछ ।

## शिक्षामा आमूल परिवर्तन : समयको माग

२००७ सालको क्रान्तिसँगै नेपालमा आधुनिक शिक्षाको प्रवेश र विस्तार भएको हो । आधा शताब्दी वितिसक्ता पनि शिक्षामा हाम्रो उपलब्धि धेरै कम   छ । आधा भन्दा बढी जनता अहिले पनि निरक्षर छन् । दलित र उपेक्षित वर्गका केटाकेटीहरू लगायत छात्राहरूको ठूलो संख्या अझै पनि विद्यालय जान सकिराखेको छैन । नेपाली कांग्रेसको सरकारले शिक्षा सबैका लागि सुलभ होस् भनेर कक्षा १० सम्म निःशुल्क बनायो ।  शिक्षामा सरकारको लगानी व्यापक रूपमा बढेको छ । विद्यार्थी भर्ना प्रतिशत, विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थी-शिक्षक अनुपात आदि सबै कुरामा वृद्धि भएको छ । तर समग्रमा शैक्षिक उपलब्धि अर्थात् स्तरीय र रोजगारमुखी विद्यार्थी उत्पादनका दृष्टिले भने हाम्रो स्थिति धेरै पछाडि छ ।

एकातिर सरकारी अनुदानमा निर्भर विद्यालयदेखि विश्वविद्यालयसम्मको शैक्षिक वातावरण र स्तर दिन प्रतिदिन खस्किँदै छ भने अर्कोतर्फ सम्पन्नवर्गका लागि निजी क्षेत्रमा स्तरीय शिक्षा प्राप्त गर्ने अवसर पनि बढिराखेको छ । निजी क्षेत्रमा यस प्रकार बढ्दो उत्साह र सहभागितालाई सकारात्मक मान्दा मान्दै पनि यसबाट समग्र शैक्षिक वातावरणमा उत्पन्न भएको अन्तर र हाम्रो सामाजिक-आर्थिक संरचनामा पर्न सक्ने प्रतिकूल प्रभावप्रति नेपाली कांग्रेस अत्यन्त संवेदनशील छ । शिक्षाले नै व्यक्ति, वर्ग वा समुदाय सबैको उन्नतिका अवसर खोल्ने भएको हुँदा शिक्षाको आधारभूत संरचना र स्तर सबैका लागि समान हुनुपर्छ भन्ने नेपाली कांग्रेसको दरो मान्यता छ । तसर्थ आगामी दिनहरूमा नेपाली कांग्रेस शैक्षिक क्षेत्रमा बढ्दो विषमतालाई समाप्त गर्दै हाम्रो समस्त शिक्षा प्रणालीलाई २१औं शताब्दीको माग अनुसार अभिमुख हुने गरी आमूल परिवर्तन गर्न चाहन्छ । यसका लागि नेपाली कांग्रेसले निम्न कुराहरूलाई प्राथमिकता साथ जोड दिनेछ–

६ प्राथमिक तहको शिक्षालाई सर्वसुलभ गराई आगामी पाँच वर्षभित्र विद्यालय जान सक्ने उमेरका विद्यार्थीहरूको खुद भर्ना संख्या शतप्रतिशत पुर्‍याइनेछ ।

६ सरकारी र निजी क्षेत्रका विद्यालयहरू बीच रहेको गुणस्तरको अन्तरलाई समाप्त पार्दै लैजान समुदायद्वारा सञ्चालित विद्यालयको अवधारणालाई प्रोत्साहित गरी गुणस्तर वृद्धि र अभिभावकमुखी व्यवस्थापन प्रक्रियालाई अघि बढाइनेछ ।

६ एक्काइसौँ शताब्दीको चुनौती सामना गर्न आवश्यक जनशक्ति उत्पादन गर्ने किसिमले शिक्षाको गुणस्तरलाई अभिवृद्धि गर्दै लगिनेछ । यसका लागि शिक्षण संस्थाहरूको भौतिक आधारलाई सुधार गर्नुका साथै शिक्षकहरूको गुणस्तर वृद्धिका लागि तालिम आदि आवश्यक व्यवस्था गर्दै लगिनेछ । सरकारी अनुदानमा आधारित शिक्षा र निजीक्षेत्रमा सञ्चालित शिक्षाको गुणस्तरका अन्तरलाई ध्यानमा राखी सरकारी अनुदानमा सञ्चालित विद्यालयहरू र क्याम्पसहरूको शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्ने प्रयास गरिनेछ ।

६ पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालयलाई क्षेत्रीय विश्वविद्यालयका रूपमा विस्तार गर्ने र विषयगत विश्वविद्यालयका रूपमा कृषि वन विश्वविद्यालय यथाशीघ्र स्थापना गराइनेछ ।

साथै अरू विषय र विकास क्षेत्रहरूमा पनि क्रमशः विश्वविद्यालय स्थापना गर्ने नीति अपनाइनेछ ।

६ उच्च शिक्षा क्षेत्रमा अत्यधिक राजनीतीकरण भएकोले शिक्षण संस्थान तथा क्याम्पसहरूमा व्यवस्थापन र शिक्षणको स्तरमा निकै ठूलो ह्रास देखा परेको छ । नेपाली कांग्रेसले सबै राजनीतिक पार्टीहरूसँग समझदारी र सहमतिको पहल गरी शिक्षण संस्थाहरूको व्यवस्थापनलाई पार्टी प्रभावबाट मुक्त गर्ने प्रयास गर्नेछ । विश्वविद्यालयहरूका पदाधिकारी र क्याम्पस प्रमुखहरूको पदमा नियुक्ति र पदमुक्तिको आधार स्पष्ट पार्ने कानूनी व्यवस्थाका साथ शैक्षिक नेतृत्व दिन सक्ने सक्षम प्राध्यापकहरूलाई अवसर दिई क्रमशः राजनीतीकरणको प्रभाव न्यून गर्दै लैजाने नीति अपनाइनेछ ।

६ प्राविधिक एवं व्यावसायिक शिक्षाको विकास गरी शिक्षालाई राष्ट्रिय आवश्यकता अनुरूप एवं रोजगारीमूलक बनाइनेछ । शिक्षा क्षेत्रको थप लगानीको ठूलो हिस्सा यस उद्देश्यका लागि पुऱ्याइनेछ । व्यावसायिक तथा प्राविधिक शिक्षा क्षेत्रमा मुनाङ्गा नलिई संलग्न हुन चाहने निजी एवं गैरसरकारी क्षेत्रलाई प्रोत्साहित गर्नका लागि यस्ता शिक्षण संस्थाको पूर्वाधार निर्माण एवं सञ्चालन खर्चको निश्चित हिस्सा सरकारले बेहोर्ने व्यवस्था समेत गरिनेछ । काठमाडौं बाहिर दुर्गम एवं अविकसित क्षेत्रमा खोलिने यस्ता संस्थालाई थप अनुदानको व्यवस्था गरिनेछ ।

६ विश्वविद्यालय तथा क्याम्पसहरूलाई आयस्रोतको परिचालन, व्यवस्थापन र सञ्चालन सम्बन्धी स्वायत्तता र अधिकार प्रदान गरी स्थानीय सहयोग र सहभागिता जुटाई सञ्चालन गराइनेछ ।

६ विद्यालय शिक्षालाई उच्च माध्यमिक तहसम्म विस्तार गरी भौतिक पूर्वाधार र सरकारी सहयोग जुटाइनेछ । साथै १० कक्षा र १२ कक्षामा दुई पटक परीक्षा दिने प्रणालीमा उपयुक्त सुधार गरिनेछ ।

६ निजी क्षेत्रमा सञ्चालित विद्यालयहरू तथा क्याम्पसहरूमा भौतिक तथा शिक्षणको गुणात्मक सुविधाहरूको आधारमा न्यायोचित शिक्षण शुल्क र अरू आवश्यक शुल्क मात्र उठाउन पाउने व्यवस्था गराउने र नियमित रूपमा यस्ता निजी विद्यालयहरू तथा क्याम्पसहरूको सुपरिवेक्षण गरिनेछ ।

६ दुर्गम तथा पिछडिएका क्षेत्रका जनताद्वारा सञ्चालित र सार्वजनिक क्याम्पसहरूको भौतिक तथा शैक्षिक विकासका लागि विशेष आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

६ अरू देशहरूमा चलेको उच्च शिक्षाको स्तर अनुरूप हुने गरी हाल सञ्चालन भएको स्नातक तहको तीन वर्षे शिक्षालाई दरिलो पार्न र गुणस्तर बढाउन क्याम्पसहरूमा विशेष प्रयास गरिनेछ ।

६ साक्षरता कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरी हालको ४८ प्रतिशत साक्षर जनसंख्यालाई वृद्धि गरी आगामी ५ वर्षमा ७० प्रतिशत पुऱ्याइनेछ ।

६ महिला शिक्षिकाको संख्यामा वृद्धि गरिनेछ ।

६ जन-आन्दोलनमा शहीद भएकाहरूका छोराछोरीलाई निःशुल्क शिक्षा दिने व्यवस्था कायमै गरी छात्रवृत्तिको थप व्यवस्था गरिनेछ ।

६ आर्थिक अवस्था कमजोर भएका र सामाजिक दृष्टिले पिछडिएका समुदायका २ लाख २५ हजार छात्राहरूलाई आगामी ५ वर्षमा छात्रवृत्ति प्रदान गरिनेछ । यसै गरी दलितहरूलाई दिइने छात्रवृत्तिको कोटा वृद्धि गरी ५ वर्षभित्रमा ५ लाख पुऱ्याइनेछ ।

६ प्राविधिक, विज्ञान तथा साधारण उच्च शिक्षाका क्याम्पसहरूमा पिछडिएका क्षेत्र, जनजाति, दलितवर्ग र अपा□हरूलाई उच्च शिक्षाको अवसर प्रदान गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

६ शिक्षण पेसालाई राजनीतिक हस्तक्षेपबाट मुक्त गरिनेछ । शिक्षक र प्राध्यापकहरू राष्ट्रका सम्पत्ति हुन्, उनीहरूको दक्षता वृद्धिका लागि सबै तहमा कार्यक्रम सञ्चालन गरिनेछ ।

## ास्थ्यसेवा तथा जनसंख्या : असहाय र वृद्धलाई निःशुल्क सेवा

स्वास्थ्य सेवाको विकासका लागि विगतमा गरिएका प्रयासबाट जनसाधारणको स्वास्थ्यस्तरमा केही सुधार भएको देखिए तापनि अझै पनि लाखौं नेपालीहरू रोग र अकाल मृत्युबाट पीडित छन् । नेपालीहरूको औसत आयु ५५ वर्षभन्दा कम छ । शिशु मृत्यु एवं मातृ मृत्युदर उच्च छ । स्वास्थ्य क्षेत्रको सुधारका लागि नेपाली कांग्रेसले निम्न कार्यहरू गर्नेछ–

६ सबैलाई घरदैलोमै प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउन ५ वर्षभित्र ८० हजार महिला स्वास्थ्य स्वयम्सेविकाहरूको व्यवस्था गरिनेछ ।

६ अत्यावश्यक स्वास्थ्य सेवालाई जनस्तरसम्म पु¥याउन २ वर्षभित्र सबै गाउँ विकास समितिमा स्वास्थ्य उपकेन्द्रको स्थापना गरिनेछ ।

६ दुई वर्षभित्र शतप्रतिशत बालबालिकाहरूलाई बी.सी.जी., डी.पी.टी., पोलियो र दादुराको खोप दिइनेछ ।

६ पाँच वर्षभित्र बाल मृत्युदर र मातृ मृत्युदर घटाउन बाल स्वास्थ्य तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

६ सरकारी अस्पताल र स्वास्थ्य केन्द्रहरूको सेवालाई भरपर्दो र सुदृढ बनाउन डाक्टर तथा स्वास्थ्य कार्यकर्ताहरूको नियमित उपस्थितिका साथै उपकरण र औषधीको प्रवाहलाई सुनिश्चित गरिनेछ । दुर्गम क्षेत्रमा काम गर्ने स्वास्थ्यकर्मीहरूको सेवा र सुविधा आकर्षक बनाइनेछ ।

६ स्तरयुक्त स्वास्थ्य सेवा देशमै उपलब्ध गराउन निजी क्षेत्रलाई उच्चस्तरीय अस्पताल तथा नर्सिङ होम स्थापना गर्न प्रोत्साहन गरिनेछ । यस्ता निजी अस्पताल एवं नर्सिङ होमको लेखालाई पारदर्शी बनाइनेछ ।

६ जनसंख्याको चापको अनुपातमा जिल्ला अस्पतालको विस्तार एवं गुणस्तरयुक्त सेवाको विस्तार गरिनेछ । हालसम्म अस्पताल सेवा प्राप्त गर्न नसकेका जिल्लाहरूमा एक वर्षभित्रै अस्पताल निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।

६ आयुर्वेदलाई राष्ट्रिय चिकित्सा प्रणालीका रूपमा विकसित गरिनेछ । होमियोप्याथी तथा प्राकृतिक चिकित्सा प्रणालीको विस्तार एवं गुणात्मक विकास गर्न जडिवुटी खेतीका निम्ति थप कार्यक्रम र स्रोत उपलब्ध गराइनेछ । नेपालमा पाइने जडिवुटीहरूको संरक्षणका लागि पेटेन्ट राइट सुरक्षित गराइनेछ ।

६ जनसंख्याको अत्यधिक वृद्धिलाई कम गर्न जनचेतना जगाउने कार्यक्रममा वृद्धि गर्नुका साथै परिवार नियोजनका सेवा र साधन प्रयोगकर्ताको सुविधा अनुकूल स्थान र समयमा उपलब्ध गराउने कार्यक्रम बनाइनेछ ।

६ ५ वर्षमुनिका बालबालिका र ७५ वर्ष माथिका व्यक्तिहरूलाई सम्पूर्ण स्वास्थ्यसेवा निःशुल्क उपलब्ध गराइनेछ ।

## क्षेत्रीय सन्तुलन : असमानता हटाउने सङ्कल्प

नेपालको सन्तुलित क्षेत्रीय विकास भौगोलिक विकटताका कारण चुनौतीपूर्ण रहेको छ । प्रजातन्त्रको पुनर्वहाली पश्चात् देशको सन्तुलित विकासको अनिवार्यतालाई ध्यानमा राखी नेपाली कांग्रेसले दुर्गम हिमाली तथा पहाडी जिल्लाहरूमा सडक निर्माण, विद्युत् विस्तार तथा सञ्चार-सम्पर्क स्थापित गराउन विगतका वर्षहरूमा जोड दियो । अझै पनि १७ हिमाली तथा पहाडी जिल्लाहरू मोटर बाटोको सम्पर्कबाट वञ्चित रहेका छन् । विभिन्न विकास क्षेत्र तथा ती भित्रका हिमाली, पहाडी र तराई उपक्षेत्रहरूको विकासको स्थिति हेर्दा आर्थिक मात्रै होइन राजनीतिक एवं प्रशासनिक पुनर्रचनाको समेत आवश्यकता देखिएको छ । अन्य कतिपय क्षेत्रहरू जस्तै मध्यपश्चिमाञ्चलका हिमाली तथा पहाडी जिल्लाहरू अति विकट स्थितिमा छन् । मानव विकास परिसूचकको आधारमा ज्यादै पछाडि परेका हिमाली तथा उच्च पहाडी जिल्लाहरूका लागि विशेष प्राथमिकताका साथ विकास कार्यक्रमहरू ल्याइनेछ ।

६ क्षेत्रीय स्तरका विकास प्रशासनलाई प्रभावकारी ढ□ले अगाडि बढाउन पाँच वटै विकास क्षेत्रमा विकास प्रशासन क्षेत्रपालको व्यवस्था र संस्थागत संरचनाको निर्माण गरिनेछ । उक्त क्षेत्रीय विकास प्रशासन अवधारणा, विकेन्द्रीकरणको अवधारणालाई कायम राखी गरिनेछ । स्थानीय स्वायत्त शासन ऐन, २०५४ मा आवश्यक परिमार्जन गरिनेछ ।

६ उच्च पहाड र हिमाली क्षेत्रलाई समस्याको रूपमा नहेरी यस्ता क्षेत्रहरूको तुलनात्मक लाभ एवं विकास सम्भावनाहरू हेरी राष्ट्रको धनको रूपमा विकास गरिने छ ।

६ हिमाली तथा उच्च पहाडी भेगका पिछडिएका २५ जिल्लाहरूलाई अन्य सुगम जिल्लाहरूको हाराहारीमा पुऱ्याउन १५ वर्षको लक्ष्य निर्धारण गरी उपयुक्त राजनीतिक-आर्थिक कार्यक्रमको आधारमा साधन-स्रोतको लगानी गरिनेछ ।

६ जिल्लाहरूको प्राकृतिक विशिष्टताका आधारमा उच्च उत्पादकत्वका कृषिबालीहरूको विकासमा जोड दिई स्थानीय आवश्यकता पूरा गराउन जोड दिइनेछ । फलफूल खेतीको प्रचूर सम्भावना भएको जिल्लाहरूमा नगद आय बढाउन जोड दिइने छ । यस्ता जिल्लाहरूमा प्रशोधन कार्यका लागि अन्तर्राष्ट्रिय सहयोग समेत जुटाइने छ ।

६ निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन गरिने कार्यक्रमहरूलाई दुर्गम जिल्लाहरूमा लैजान प्रोत्साहन दिँदै तिनीहरूको वर्तमान लगानीलाई बढाइने छ ।

६ आधारभूत पूर्वाधार पुगिसकेका क्षेत्र तथा स्थानहरूमा रोजगारी अभिवृद्धि तथा आय आर्जनका आयोजनाहरू तर्जुमा गरी कार्यान्वयनमा लगिने छ ।

६ हिमाली तथा उच्च पहाडी जिल्लाहरूमा चरनखर्कको विकास गरी पशुपालनलाई व्यावसायिकतातर्फ उन्मुख गराइने छ ।

६ स-साना शहरी तथा ग्रामीण बजार वस्तीहरूको विकासमा जोड दिइने छ ।

## नागरिकता वितरण प्रक्रियाको सरलीकरण

सबै नेपाली नागरिकले सरल तरिकाबाट नागरिकताको प्रमाणपत्र पाउने व्यवस्थाका लागि नेपाली कांग्रेसले प्रभावकारी ढ□बाट काम गर्नेछ । आगामी पाँच वर्षभित्र यो समस्याको सदाका लागि निराकरण गर्न नेपाली कांग्रेस प्रतिबद्ध छ ।

## शिक सहायताको उत्पादनशील उपयोग : हाम्रो मान्यता

आजको प्रतिस्पर्धायुक्त विश्वमा नेपाल जस्तो गरीव देशमा आर्थिक विकासका लागि आन्तरिक साधन मात्र पर्याप्त हुँदैन । त्यसैले देशको आवश्यकता अनुसार विदेशी पूँजी सहयोग, लगानी र प्रविधि देशभित्र भित्र्याउनुपर्छ भन्ने नेपाली कांग्रेसको धारणा छ । तर आन्तरिक साधनको परिचालनमा प्रतिकूल असर पार्ने र वैदेशिक निर्भरता वृद्धि हुने गरी विदेशी सहायता ग्रहण गर्ने नीतिको नेपाली कांग्रेस विरोध गर्दछ । नेपाली कांग्रेस सकेसम्म अनुदान र न्यूनतम शर्त भएको सस्तो ऋण परिचालन गर्ने पक्षमा छ । वैदेशिक सहयोगलाई सकेसम्म उत्पादनशील क्षेत्रमा त्यसमा पनि खासगरी निर्यात प्रवर्द्धन गरी वैदेशिक मुद्रा आर्जन गर्ने क्षेत्रमा उपयोग गरिने छ । वैदेशिक सहायताको उपयोग गर्दा आन्तरिक सीप र प्रविधिलाई लोप हुन दिइने छैन । विदेशी ऋण लिँदा त्यसबाट अर्थतन्त्रमा पर्न सक्ने प्रभाव र भुक्तानीसम्बन्धी शर्तहरु राम्रोसँग अध्ययन गरिने छन् । देशको आर्थिक क्षमता वृद्धि नगर्ने क्षेत्रमा ऋण स्वीकार गरिने छैन ।

वैदेशिक लगानी प्रवर्द्धन गर्न नेपाली मुद्रालाई पूर्ण परिवर्त्य बनाउँदै लैजान आवश्यक छ । तर कमजोर अर्थतन्त्र र कमजोर वित्तीय संस्थाहरूले पूर्ण परिवर्त्यताको बोझ थाम्न सक्तैनन् । दक्षीण पूर्वी एसियाका कतिपय मुलुकमा आएको वित्तीय सङ्कटलाई ध्यानमा राख्दै पूँजी खातालाई खुला गर्ने नीतिलाई नेपाली कांग्रेसले होसियारीपूर्वक उचित समयमा अपनाउनेछ ।

## वन संरक्षण तथा विकास कार्यक्रम : उत्पादन वृद्धि र वैज्ञानिक व्यवस्थापन

वन सम्पदा र जैविक विविधता नेपालको अमूल्य सम्पत्ति हो । यसको उचित संरक्षण र वैज्ञानिक व्यवस्थापन गरी वनलाई राष्ट्रिय आयको महत्त्वपूर्ण स्रोतको रूपमा विकास गर्ने नेपाली कांग्रेसको लक्ष्य छ । स्थानीय महत्त्वका वनलाई उपभोक्ता समिति गठन गरी हस्तान्तरण गर्दै लैजाने नीतिलाई नेपाली कांग्रेसले अघि बढाउनेछ । राष्ट्रिय महत्त्वको ठूला वन सम्पदाबाट राष्ट्रले हालसम्म कुनै पनि आर्थिक लाभ लिन नसकेको परिप्रेक्ष्यलाई ध्यानमा राख्दै व्यवसायिक व्यवस्थापन पद्धति लागु गरी वन पैदावर वृद्धि गर्ने र राष्ट्रिय आय बढाउनेतर्फ नेपाली कांग्रेसले कार्यक्रम बनाउनेछ । वन विकासबाट काठ दाउरा र डाले घाँसको परिपूर्ति मात्र गर्ने होइन वनमा आधारित उद्योगहरू विकास गर्ने र व्यवसायिक व्यवस्थापनबाट वन पैदावार वृद्धि गरी आन्तरिक तथा वा५य बजारमा काठ जस्ता पैदावार वृद्धि गरी राष्ट्रिय आय बढाइने छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण र आरक्ष केन्द्रहरूको व्यवस्थापन सुदृढ गरिने छ । महत्त्वपूर्ण जडिबुटीको स्रोत संरक्षण, सङ्कलन प्रविधिको विकास, जडिबुटी खेती प्रशोधन र निर्यात प्रवर्द्धनमा सुविधा दिइनेछ । नेपालमा पाइने महत्त्वपूर्ण जडिवुटीहरूको पेटेन्ट अधिकार सुरक्षित गराइनेछ । निजी वन विकास र कबुलियती वन कार्यक्रमलाई अघि बढाइने छ । चुरे क्षेत्रमा भएको अतिक्रमण र वन विनाशबाट भएको भू-स्खलनलाई रोक्न विशेष कार्यक्रम ल्याइने छ । तराई क्षेत्रमा नदी कटानबाट भएको व्यापक नोक्सानीलाई रोक्न उकास जमीनको व्यवस्थापन तथा नदी नियन्त्रण कार्यक्रम लागु गरिनेछ ।

## पर्यावरण र शहरी आवास : व्यवस्थित वसोवास र पूर्वाधारमा सुधार

नेपालको राजधानी काठमाडौं लगायत अन्य शहरी क्षेत्र अव्यवस्थित ढ□ले विकास भइरहेकोले खानेपानी, ढल, सडक, बिजुली जस्ता आवश्यक सेवाहरू झन् झन् जटिल र खर्चिलो हुँदै गएका छन् । फोहरमैलाको र प्रदूषणको समस्या पनि दिनप्रतिदिन बढ्दै गएको छ । यस सन्दर्भमा आगामी दिनहरुमा नेपाली कांग्रेसले निम्नलिखित कार्यक्रमलाई अघि बढाउनेछ–

६ काठमाडौं उपत्यकामा बढ्दै गएको अव्यवस्थित बसोबास र फोहरमैलाको समस्यालाई दृष्टिगत गर्दा उपत्यकाको समग्र भूउपयोग, खानेपानी, ढल, सडकसुधार, विद्युतीकरण एवं सांस्कृतिक तथा धार्मिक स्थलहरूको संरक्षण र संवर्द्धन आदि जस्ता कार्यक्रमहरूलाई एकीकृत रूपमा सञ्चालन गर्न र काठमाडौं उपत्यका कार्ययोजना तर्जुमा गरी त्यसको कार्यान्वयन गर्ने उद्देश्यकाका लागि एउटा अधिकार सम्पन प्राधिकरणको व्यवस्था गरिने छ ।

६ काठमाडौं उपत्यकाको खानेपानी समस्याको दीर्घकालीन समाधानका लागि मेलम्ची योजनालाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ ।

६ काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापनका लागि ओखरपौवा मोटर बाटोको निर्माण तुरुन्त सम्पन्न गरिने छ । काठमाडौं उपत्यकामा सडक साँगुरिंदै गएको सन्दर्भमा आगामी पाँच वर्षभित्र यातायात विकासका लागि एक गुरु योजना लागु गरिनेछ । जस अन्तर्गत बागमती र विष्णुमती किनारमा मोटर बाटो निर्माण गरी मूल सडकहरूसँग जोडिनेछ ।

६ काठमाडौं उपत्यका लगायत अन्य शहरी क्षेत्रहरूमा बढ्दै गएको सवारी प्रदूषण नियन्त्रणतर्फ प्रभावकारी कार्यक्रम लागु गरिने छ ।

६ पशुपतिनाथको मन्दिरको वरिपरि बागमती लगायतका क्षेत्रलाई पूर्णतया प्रदूषणमुक्त पारिनेछ ।

६ नगरपालिका क्षेत्र तथा नगरोन्मुख क्षेत्रहरूको अव्यवस्थित बसोबासमा सुधार ल्याउने, शहरी पूर्वाधार विकासमा जोड दिने र योजनाबद्ध विकासका लागि सरकारी, निजी एवं वित्तीय संस्थाहरूलाई सहभागी गराउने कार्यक्रम ल्याइनेछ ।

६ ग्रामीण र शहर क्षेत्र बीच बढ्दै गएको असन्तुलनलाई न्यून गर्न शहर र ग्रामीण क्षेत्र बीच अन्तर सम्बन्धहरू बढाउँदै लगिनेछ ।

६ ठूला उद्योगहरूबाट सीधै नदीमा रु याकिने प्रदूषण रोकथाम गर्ने कार्यक्रम बनाइनेछ ।

६ पर्यावरण सुधार तथा संरक्षणलाई हरेक क्षेत्र एवं स्तरको विकास कार्यक्रमको अभिन्न अ□को रूपमा विकसित गरिनेछ ।

## सबैको सरोकार : घर-घरमा रोजगार

नेपाली कांग्रेस बेरोजगारी र अर्द्धबेरोजगारी समस्यालाई आजको प्रमुख चुनौती र विद्यमान गरीवीको प्रमुख कारणको रूपमा मान्दछ । हाल देशको कुल श्रमशक्तिको झण्डै ५ प्रतिशत पूर्ण बेरोजगार र ४७ प्रतिशत अर्द्धबेरोजगार छन् । विगतमा भएको लगानीबाट सृजना भएका रोजगारीका अवसरहरूबाट पनि नेपाली श्रमशक्तिले उपयुक्त तालिमको अभाव र न्यून उत्पादकत्वको कारणबाट पूर्णतया फाइदा लिन सकेको छैन । बेरोजगारी र अर्द्धबेरोजगारीको समस्यालाई निराकरण गर्न नेपाली कांग्रेसको पूर्व घोषित “घर-घरमा रोजगार”को अवधारणालाई मूर्तरूप दिन नेपाली कांग्रेसले निम्नलिखित नीति अवलम्बन गर्नेछ–

६ कृषि क्षेत्रमा सिँचाइ सुविधा वृद्धि गरी बाली विविधीकरण एवं पशुपालन, बागवानी, जटिबुटी, कृषि वन आदिलाई व्यापक रूपमा प्रोत्साहन गरी कृषिलाई व्यवसाय एवं बजारमुखी बनाइनेछ । यसबाट ग्रामीण क्षेत्रमा असंख्य रोजगारीका अवसरहरू सृजना हुनेछन् ।

६ भौगोलिक र स्थलगत विशेषताको आधारमा श्रममूलक कृषिजन्य उद्योगहरूलाई प्रोत्साहित गरिनेछ ।

६ रोजगारमूलक पर्यटन व्यवसायलाई सम्भाव्यता भएका ग्रामीण एवं दुर्गम

क्षेत्रमा विकास गरिनेछ ।

- ६ साना, घरेलु एवं कुटिर उद्योगहरूको सम्भाव्यता पहिल्याई त्यस्ता उद्योगहरूको विकासका लागि ऋण, प्रविधि, व्यवस्थापन एवं उद्यमशीलता तालिम समेतको व्यवस्था गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- ६ सबै भौगोलिक क्षेत्र, जिल्ला तथा निर्वाचन क्षेत्रहरू समेत समेटिने गरी युवा बेरोजगारहरूलाई उपयुक्त तालिमको व्यवस्था गरी यस्ता तालिम प्राप्त बेरोजगारहरूलाई देश विदेशमा सृजना हुने रोजगारीका अवसरहरूबाट फाइदा लिन सक्षम बनाइनेछ ।
- ६ वैदेशिक रोजगारीका अवसरहरू खोजी गरी विदेशी सरकार एवं संस्थाहरूसँग श्रम सम्झौताहरू गर्ने एवं वैदेशिक रोजगारी प्रवर्द्धन गरिनेछ ।
- ६ निरपेक्ष गरीवीको रेखामुनि रहेका परिवारहरूलाई लक्ष्य गरेर उनीहरूको जीवनस्तर उकास्न ग्रामीण विकास बैङ्क र यस्तै किसिमका संस्थाहरू मार्फत सरल तरिकाले आयमूलक कारोवारका लागि ऋण प्रदान गरी स्वरोजगारका अवसरहरू सृजना गरिनेछ । आगामी ५ वर्षभित्र यस्ता करीव २ लाख विपन्न परिवारहरूलाई स्वरोजगार सृजना गरी गरीवीको रेखा माथि उकास्ने कार्यक्रम ल्याइनेछ ।
- ६ ग्रामीण पूर्वाधार विकास निर्माण कार्यक्रममा श्रममूलक प्रविधिको उपयोग गरी रोजगारीको अवसरहरू वृद्धि गरिनेछ ।
- ६ खाद्यान्न अभाव भएका ठाउँहरूमा कामका लागि खाद्यान्न कार्यक्रम लागु गरी विभिन्न विकास-निर्माण कार्यमा जनतालाई संलग्न गराइनेछ ।

## देशभरि यातायातको विकास : आर्थिक विकासको पूर्वाधार

राष्ट्रको विकासमा तीव्रता ल्याई सम्पूर्ण राष्ट्रलाई मूलधारमा आबद्ध गर्न सबै नेपालीको जीवन सुखमय बनाउन यातायातको विकास अत्यन्तै महत्त्वपूर्ण भएको कुरा नेपाली कांग्रेसले सधैं मनन गरेको छ । यस भावना अनुरूप २०४८ साल यता देशमा सडक र अन्य यातायातको विकासमा तीव्रता ल्याउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगलाई नेपाली कांग्रेसले व्यापक परिचालन गऱ्यो । फलस्वरूप यस अवधिमा हजारौं किलोमिटर सडकहरू बन्यो । यसरी यातायात सुविधाको विस्तार गर्नमा स्थानीय स्रोत साधनको पनि अत्यन्तै महत्त्वपूर्ण भूमिका रहेको छ । नेपाली कांग्रेसको सरकारले यातायातको विकास गर्न यिनै प्रयासलाई कायम राख्दै निम्न कुराहरू गर्नेछ–

- ६ हालसम्म सडक सुविधा नपुगेका सबै जिल्ला र सदरमुकामहरूमा आगामी पाँच वर्षभित्र मोटर बाटो पुऱ्याउने लक्ष्य अनुरूप कार्यक्रमको तर्जुमा गरिनेछ । यी मध्ये जिल्लाका कुनै न कुनै भागमा यातायात सुविधा पुगिसिकेको सडक निर्माण कार्यक्रमलाई अझ तीव्रताका साथ सम्पन्न गरिनेछ ।
- ६ आर्थिक र प्राविधिक दृष्टिकोणले सम्भाव्य देखिएका तथा आर्थिक गतिविधि

वृद्धि गर्ने ठाउँहरूमा स्थानीय सहभागिता समेत जुटाई जिल्लाभित्र तथा दुई जिल्ला जोड्ने सडकहरूको निर्माण अघि बढाइनेछ । आगामी ५ वर्षमा सबै किसिमका करीव थप आठ हजार किलोमिटर सडक निर्माण गरिनेछ ।

६ सडकहरूको सम्भारका लागि एउटा कोषको स्थापना गरिनेछ । यसमा सडक करको आमदानी र अन्य स्रोतबाट रकम जम्मा गरिने व्यवस्था गरिनेछ ।

६ निजी क्षेत्रलाई यातायात विकासमा आकर्षित गर्नका लागि आवश्यक नीति-नियम बनाइनेछ र काठमाडौं-हेटौंडा सुरुङ मार्गको निर्माणका लागि निजी क्षेत्रलाई परीक्षणका रूपमा उपयोग गरिनेछ ।

६ काठमाडौं तथा अन्य क्षेत्रमा बढ्दै गएको यातायातको कठिनाई एवं बिग्रँदो पर्यावरण समेतलाई ध्यानमा राखी काठमाडौं उपत्यकामा आउटर रिङरोडको निर्माण तथा विराटनगर-धरान, बुटवल-भैरहवा आदि क्षेत्रमा ट्रली बस सेवा सञ्चालन गरिनेछ ।

६ सम्भाव्यता हेरी हिमाल र पहाडी क्षेत्रमा रोपवे र केवलकार आदिको निर्माणलाई प्राथमिकता दिइनेछ ।

६ सडक निर्माणमा शाही सेनाको दक्षतालाई प्रयोग गर्ने क्रममा दुर्गम क्षेत्रहरूमा सेनाको प्रयोग गरिनेछ । हाल कटारी-ओखलढु□ा, सल्यान-मुसिकोट-बागलुङ बुर्तिबाङ सडक निर्माणबाट प्राप्त अनुभवलाई अन्य क्षेत्रमा पनि उपयोग गरिनेछ ।

६ तराई क्षेत्रको महत्त्वपूर्ण सडक यातायात मानिने हुलाकी राजमार्गको स्तर वृद्धि गरी वर्षभरि नै उपयोग गर्न सकिने बनाउनका लागि आवश्यक लगानी गरिनेछ ।

## विकासका नवीन क्षेत्रहरू : सूचना प्रविधि एवं अन्तर्राष्ट्रिय वित्तीय सेवा

विश्वमा सूचना प्रविधि उद्योग र प्रयोग सबै भन्दा बढी विस्तार भएको क्षेत्र हो र वर्षेनि यस क्षेत्रमा ६०० अरब डलरको कारोवर हुन्छ । तर यस क्षेत्रको विकास नेपालमा नगण्य मात्र भएको सन्दर्भमा नेपाली कांग्रेसले यस क्षेत्रको ठोस विकास गरी आगामी ५ वर्षमा अरबौंको सरु टवयर निकासी गर्ने तथा यस क्षेत्रमा २०/२५ हजारलाई थप रोजगारी प्रदान गर्ने उद्देश्यले निम्न कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

६ सरु टवयर विकासका लागि आवश्यक पर्ने भिस्याट, पेजर्स जस्ता उपकरण लगायत अन्य सञ्चारका माध्यमहरू निजी क्षेत्रले सञ्चालन गर्न पाउने सुविधा दिइनेछ ।

६ इन्टरनेट तथा इमेल जस्ता सुविधालाई साधारण जनताले पनि प्रयोग गर्न सक्ने गरी सस्तो र सुलभ बनाइनेछ ।

६ सूचना प्रविधि पार्कको पूर्वाधार एक वर्षभित्र तयार गराइनेछ । नेपाललाई

सरु टवयर विकास तथा तथ्याङ्क प्रशोधन केन्द्रको रूपमा विकास गरिनेछ ।

- ६ हाम्रो उपयुक्त भौगोलिक अवस्था, देशमा बढ्दै गएको सञ्चार सुविधा तथा पूर्वीय र पश्चिम मुलुकहरूसँग एकै समयमा सम्पर्क गर्न सक्ने नेपालको कार्य समय ९त्क्ष्भ श्यलभ०ले गर्दा नेपाललाई अन्तर्राष्ट्रिय वित्तीय केन्द्रको रूपमा विकास गरी देशमा अन्तर्राष्ट्रिय बैङ्क, इन्भेष्टमेन्ट कम्पनी, इन्सुरेन्स व्यवसाय, वित्तीय कम्पनी, म्युचुअल ङ्ण्ड आदि कारोबारको वृद्धि गर्दै शिक्षित रोजगारी एवं आयआर्जनका नयाँ सम्भावनाहरूको द्वार खोलिनेछ ।

## गरीवी निवारण र ग्रामीण विकास

नेपालमा करीव ४२ प्रतिशत जनता अझै गरीवीको रेखामुनि रहेको कुरा तथ्याङ्कले देखाउँछ । यसको ठूलो हिस्सा ग्रामीण क्षेत्रमा बस्ने हुनाले आगामी दश वर्षभित्र नेपालका प्रत्येक गाउँलाई बाटो, बिजुली, पानी र टेलिङ्ोन सुविधा उपलब्ध गराउने, अनेक व्यवसायको स्थापना र आयआर्जनका विविध कार्यक्रम सञ्चालन गराई गरीवी र बेरोजगारी हटाउँदै गाउँ-गाउँमा विकास, घर-घरमा रोजगार नीतिलाई साकार पारी समाजवादी समाजको निर्माण गर्न नेपाली कांग्रेस कटिबद्ध रहनेछ । कृषिलाई व्यवसायमूलक बनाउने, कृषिसँग सम्बन्धित उद्योगहरूको स्थापना गर्ने र ग्रामीण क्षेत्रमा सुहाउने किसिमको प्रविधिलाई प्रयोगमा ल्याउने कार्यक्रमलाई नेपाली कांग्रेसले प्राथमिकता दिनेछ । माथि उल्लेख गरिएका कार्यहरू लगायत विकासका सबै क्रियाकलाप नेपाली कांग्रेसले गरीवी निवारणतर्फ उन्मुख गराउनेछ । एउटा गरीवी निवारण कोषको स्थापना गरी यसबाट अति गरीव र पिछडिएका क्षेत्रलाई माथि उठाउने प्रयास गरिनेछ । सबैभन्दा बढी गरीवीको रेखामुनि रहेका हिमाली क्षेत्र र उच्च पहाडी क्षेत्रका जनताको आर्थिकस्तर माथि उचाल्न विशेष कार्यक्रम लागु गरिनेछ । खाद्यान्न कम भएका जिल्लाहरूलाई आत्मनिर्भर बनाउन वैकल्पिक आयका स्रोतको विकास गरिनेछ । ग्रामीण पर्यटन, ग्रामीण सडक, सिँचाइ आदिको निर्माण गर्दा स्थानीय जनतालाई तुरुन्त लाभ हुने कार्यक्रमहरूको पहिचान गरी कार्यान्वयन गरिनेछ । लघु ऋण, सामुदायिक वन, उपभोक्ताद्वारा बनाइने सडक खास गरी पर्यावरणीय सडक कार्यक्रमलाई विस्तार गरिनेछ । पिछडिएको क्षेत्र र समुदायको पहिचान गरी लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- ६ नेपाली कांग्रेस गरीवी निवारण र ग्रामीण विकासका लागि राष्ट्रिय विकास स्वयम्सेवक सेवाको व्यवस्था गर्नेछ । यस सेवा अन्तर्गत काम गर्न चाहने व्यक्तिहरूले आरु नो ज्ञान र दक्षता अनुसार उपयुक्त ठाउँ र काम प्राप्त गर्नेछन् ।
- ६ गाउँको वस्तीलाई स्वस्थ, सुन्दर, सङ्ग्ा, प्रदूषणमुक्त बनाउने गरी एकीकृत ग्रामीण आवास योजना सञ्चालन गरिनेछ ।
- ६ आगामी पाँच वर्षभित्र अधिराज्यका सबै गाउँमा स्वच्छ खानेपानी सुविधा उपलब्ध गराइनेछ ।
- ६ प्रत्येक वडामा एक जना महिला स्वयम्सेविकाको व्यवस्था गरिनेछ । यस्ता स्वयम्सेविकाले त्यस वडाको प्रत्येक घरको स्वास्थ्य र शिक्षाको स्थितिको अनुगमन गर्नेछन् ।
- ६ ग्रामीण क्षेत्रमा पुस्तकालय-बाचनालयका लागि सरकारी र गैरसरकारी माध्यमबाट विशेष कार्यक्रम लागु गरिनेछ । यसका साथै गाउँघरमा घुम्ति पुस्तकालयको व्यवस्था गरिनेछ तथा कम्प्यूटर-टेलिङ्ोन-रु याक्स सहितको सञ्चार केन्द्रको स्थापना गरिनेछ ।

६ ग्रामीण विकास बैङ्क एवं अन्य लघु कर्जाको सरल ढ□बाट विना धितो गरीवलाई स्वरोजगारको माध्यमबाट गरीवी निवारण कार्यक्रम सञ्चालन गरिनेछ ।

## विज्ञान र प्रविधि

नेपाली कांग्रेसको सरकार विज्ञान र प्रविधि नीति कृषि, घरेलु, साना उद्योग एवं ग्रामीण पूर्वाधार विकासका लागि सहायक हुने प्रविधि विकास गर्नेतर्फ उन्मुख रहनेछ । विदेशबाट प्रविधि आयात गर्दा त्यसबाट मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक एवं पर्यावरणीय क्षेत्रमा पर्न सक्ने असर बारे राम्ररी मूल्याङ्कन गरी छनोट गरिनेछ । विज्ञान र प्रविधिका क्षेत्रमा कार्यरत राष्ट्रिय प्रतिभाहरूको पलायन रोक्न देशभित्र पर्याप्त अवसरको विकास गर्न, अनुसन्धान र विकासमा सरकारी, अर्धसरकारी एवं निजी क्षेत्रबाट समेत लगानी वृद्धि गराउने नीति अवलम्बन गरिनेछ । नेपालमा भएको जलशक्ति, सौर्य ऊर्जा, जैविक विविधता जस्ता क्षेत्रको उचित उपयोगका लागि उपयुक्त प्रविधि विकास गरिनेछ ।

## न्याय-कानून

प्रजातन्त्र, मानव अधिकार र कानूनको शासन एक अर्काका परिपूरक र बहुदलीय प्रजातन्त्रका अपरिहार्य तत्त्व हुन् । स्वच्छ, छरितो र सर्वसुलभ न्यायका लागि प्रचलित कानून र न्याय प्रशासनमा निरन्तर सुधारको खाँचो छ । नेपाली कांग्रेसले न्याय कानून र न्याय प्रशासनको क्षेत्रमा निम्नलिखित सुधार गर्ने प्रतिबद्धता राखेको छ–

६ संवैधानिक अ□हरूको नियुक्तिलाई पारदर्शी बनाई अझ बढी योग्य, सक्षम र इमानदार व्यक्तिहरूको नियुक्ति हुने परिपाटी बसाल्न उपयुक्त कानूनी व्यवस्था गरिनेछ ।

६ न्याय प्रशासन र न्याय सम्पादनलाई छिटो छरितो र आधुनिकीकरण गर्न ऐन-कानून र संविधानमा समेत आवश्यक सुधार गरिनेछ । तारेख खेप्नुपर्ने वर्तमान व्यवस्थामा ठोस सुधार गरिनेछ ।

६ भ्रष्टाचार निवारण सम्बन्धी वर्तमान ऐनलाई सुधार र परिमार्जन गरी

सरकारी सुविधा प्राप्त सबैले हरेक वर्ष सम्पत्तिको विवरण दिनै पर्ने र आयको स्रोत भन्दा सम्पत्ति बढी देखिए भ्रष्टाचार प्रमाणित हुने कानूनी प्रावधान राखिनेछ। आयको स्रोत नदेखिएको सम्पत्ति भ्रष्टाचार गरेको ठहऱ्याई जफत हुने कानून बनाइनेछ।

## सुशासन एवं विकेन्द्रीकरण : राजनीतिक विकृतिमा नियन्त्रण

राज्यबाट पाउनुपर्ने सेवा छिटो, छरितो, निष्पक्ष एवं प्रभावकारी ढ□बाट पाउनु प्रत्येक नागरिकको अधिकार हो। नेपाली कांग्रेस वर्तमान खर्चिलो एवं बोझिलो प्रशासनयन्त्रलाई जनमुखी, पारदर्शी एवं उत्तरदायी बनाउन प्रतिबद्ध छ। सबै प्रकारका प्रशासनिक विकृति एवं भ्रष्टाचार माथि नियन्त्रण गरिनेछन्। सरकारी खर्चमा हुने चुहावटलाई रोकी सरकारी खर्चको उचित प्रतिङ्गल जनताको घरदैलोमा पुऱ्याइनेछ। प्रशासनयन्त्र जनताको हक-हितका लागि साधक र सहयोगी तत्त्व हो, बाधक होइन भन्ने कुराको प्रत्याभूति जनतालाई दिनु आजको आवश्यकता हो। उच्च ओहोदामा बस्ने व्यक्ति चाहे राजनीतिज्ञ हुन्, चाहे कर्मचारी हुन्, उनीहरूको आचरण र व्यवहार माथि अनुगमन हुनु जरुरी छ। भ्रष्टाचार एवं तस्करी आर्थिक तथा सामाजिक अपराध हुन्। यसलाई कडाईका साथ नियन्त्रण गर्न मौजुदा कानूनमा संशोधन गरिनेछ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका संस्थाहरूलाई अझ बढी अधिकार एवं साधन सम्पन्न बनाइनेछ। सबै सांसद, मन्त्री तथा अन्य निर्वाचित ओहोदामा बस्ने व्यक्ति एवं राजनीतिक नियुक्ति पाएका व्यक्तिहरूलाई पद अनुसारको आचरण एवं मर्यादामा रहन, पद एवं सुविधाको दुरुपयोग हुन नदिन निश्चित आचारसंहिता पालना गर्न लगाइनेछ। विगत संसद्मा देखिएका विकृति र विसँगतिहरू रोक्न कानूनी एवं अन्य व्यवस्था गरिनेछ।

नेपाली कांग्रेस कर्मचारी माथिको राजनीतीकरण एवं राजनीतिक हस्तक्षेपको विरुद्ध छ र कर्मचारीहरूले निष्पक्ष ढ□ले कार्य सम्पादन गर्न पाउनुपर्छ भन्ने धारणा राख्दछ। यसै उद्देश्य प्राप्तिका लागि नेपाली कांग्रेसको पहिलो सरकार बन्ने वित्तिकै उच्च स्तरीय प्रशासन सुधार आयोग गठन गरिएको हो र आगामी दिनहरूमा सो आयोगका सिङ्गारिसहरूलाई कार्यान्वयन गर्दै लगिनेछ। लोक सेवा आयोगलाई अझ बढी अधिकार एवं साधनसम्पन्न बनाइनेछ।

स्थानीय निकायहरूको सबलीकरण एवं अधिकारको विकेन्द्रीकरण, सुशासन तथा प्रभावकारी सार्वजनिक प्रशासनको अर्को महत्त्वपूर्ण पक्ष हो। त्यसमा पनि हाम्रो जस्तो कठिन भू-बनोट एवं आर्थिक-सामाजिक विविधता भएको देशमा स्थानीय जनताले आरु ना आवश्यकता अनुसार प्राथमिकता निर्धारण गर्नु, क्षमताको अभिवृद्धि गरी कार्यसम्पादन गर्नु एवं प्रतिङ्गलमा सहभागी बन्नु साधनको समुचित उपयोगका लागि पनि आवश्यक छ। त्यसैले आगामी दिनहरूमा नेपाली कांग्रेसले विगतमा अवलम्बन गरेका शक्ति विकेन्द्रीकरण, स्थानीय तहमा साधनको अधिक विनियोजन एवं "गाउँको अधिकार गाउँलाई" नै दिने कार्यक्रमलाई दृढताका साथ लागु गरिनेछ।

## सूचना एवं सञ्चार

नेपाली कांग्रेस विचार र अभिव्यक्तिको स्वतन्त्रताप्रति मात्र होइन, कुनै पनि सार्वजनिक महत्त्वको विषयमा सूचना पाउनुपर्ने नागरिकको हकको सुरक्षाप्रति प्रतिबद्ध पार्टी पनि हो।

तसर्थ सबै प्रकारका सञ्चारका माध्यमहरू निष्पक्ष, विश्वसनीय एवं पारदर्शी ढ□ले सञ्चालन गराइनेछ । पत्रकारिता क्षेत्रलाई मर्यादित, स्वतन्त्र र उत्तरदायीपूर्ण बनाउन एवं निजी क्षेत्रलाई स्वस्थ प्रतिस्पर्धाको आधारमा विकसित हुन प्रोत्साहन गर्ने नीति लिनुका साथै त्यसका लागि आवश्यक सुविधाहरू प्रदान गरिनेछ । टेलिङ्कोन सुविधाको बढ्दो माग र आपूर्ति बीचको वर्तमान अन्तराललाई समाप्त गर्न निजी क्षेत्र समेतलाई सहभागी गराएर टेलिङ्कोन सुविधाको व्यापक विस्तार गरिनेछ । आगामी पाँच वर्षभित्र थप ४ लाख टेलिङ्कोन लाइन वितरण गरिनेछ । टेलिङ्कोन पाउनका लागि व्यहोर्नुपर्ने वर्तमान झण्झट र ढिलाईको स्थितिको अन्त्य गरी आवेदन दिएको १५ दिनभित्र नै टेलिङ्कोन सेवा पुऱ्याउन एक समयबद्ध व्यवस्था मिलाइनेछ । आगामी २ वर्षभित्र अधिराज्यका सबै गाविसमा टेलिङ्कोन सेवा पुऱ्याइनेछ । दूरसञ्चार क्षेत्रमा नयाँ प्रविधिहरू उपयोग गरिनेछन् । हालसम्म उपलब्ध नभएका सेलुलर मोवाइल र अन्य अतिरिक्त सेवाहरू उपलब्ध गराइनेछ । अन्तर्राष्ट्रिय दूर सञ्चार सेवालाई अझ भरपर्दो बनाउन दोस्रो भू-उपग्रह केन्द्र स्थापना गरिनेछ । हुलाक सेवालाई सुलभ, भरपर्दो र छिटो बनाइनेछ ।

## माओवादी आतङ्क र राष्ट्रिय दायित्व

माओवादका नाममा नेपालमा हिंसाको राजनीति ङ्कैलाएर प्रजातन्त्रलाई कमजोर र असान्दर्भिक बनाउने षड्यन्त्रले खतरनाक रूपले मुण्टो उठाइरहेको छ । निर्मम र कायरतापूर्ण हत्या-हमलाका आपराधिक गतिविधिमा संलग्न यस्तो तत्त्व र प्रवृत्ति उग्रवामपन्थी र उग्रदक्षिणपन्थी सोच र गठबन्धनको विकृत रूप हो । इतिहासमा पटक-पटक उग्रवामपन्थी एवं उग्रदक्षिणपन्थी किनाराहरूबाट प्रजातन्त्रमाथि आक्रमण भएका छन् । माओवादी हिंसा र आक्रमण यसै शृङ्खलाको नयाँ कडी हो भन्ने नेपाली कांग्रेसको धारणा छ । दुर्गम गाउँका सीधासाधा जनता, ग्रामीण विद्यालयका निर्दोष शिक्षक र स्थानीय निकायमा साधारण जनप्रतिनिधि नै रहँदै आएकोमा हाल आएर जिल्ला स्तरीय नेतृत्व समेत माओवादी हिंसा र आक्रमणको शिकार भएका छन् । वास्तवमा यो आतङ्कवादी गतिविधि प्रजातन्त्रको विकासका निम्ति वाधक मात्र होइन, यसले संवेदनशील अवस्थामा रहेको राष्ट्रियता माथि नै अस्थिरताको कालो छाया ङ्कैलाउन सक्छ । त्यसैले राष्ट्रका तमाम जिम्मेवार राजनैतिक शक्तिहरूले पूर्ण प्रतिबद्धताका साथ हिंसा र आतङ्कको समाप्तिका लागि इमानदारीका साथ अघि बढ्नुपर्छ भन्ने नेपाली कांग्रेसको अठोट छ । यस सम्बन्धमा नेपाली कांग्रेस निम्न विषयहरूमा आरु नो प्रतिबद्धता प्रकट गर्दछ–

६ हिंसाको राजनीतिलाई परास्त गर्न सर्वदलीय प्रयास र सहमति गर्ने ।

६ हिंसा र आतङ्कद्वारा बढी प्रभावित जिल्लाहरूमा आर्थिक-सामाजिक विकासका निम्ति लागु गरिएको विशेष कार्यक्रमलाई अरू ठोस र प्रभावकारी बनाउने ।

६ आतङ्कवादी आक्रमणबाट ज्यान गुमाउन परेका व्यक्तिहरूको परिवारका सदस्यहरूको रोजगारी र टुहुरा बालबालिकाको शिक्षा-दीक्षाको व्यवस्था गर्ने ।

## सामाजिक सुरक्षा र न्याय : भावी कार्यक्रमको अभिन्न अ□

लोक कल्याणकारी राज्यको महत्त्वपूर्ण पक्ष भनेको देशभित्र सामाजिक, आर्थिक र शारीरिक रूपले कमजोर वर्गले पनि मानवोचित जीवनयापन गर्ने अवसर प्राप्त गर्नु हो । त्यसैले नेपाली कांग्रेस सामाजिक सुरक्षालाई राष्ट्रको सर्वा□ीण विकासको अभिन्न अ□ मान्दछ । विगतका निर्वाचनमा पनि नेपाली कांग्रेसले असहाय, अशक्त, अन्ध, अपा□, विधवा र वृद्ध नागरिकहरूलाई राष्ट्रिय संरक्षणको कुरा उठाएको थियो । नेपाली कांग्रेसले आगामी दिनहरूमा निम्न कुराहरूमा जोड दिनेछ–

६ नेपाली कांग्रेसले विगतमा सुरु गरिएका समाजका ज्येष्ठ नागरिक असहाय, अशक्त, निमुखा एवं दलित वर्गको हितका लागि सुरु गरिएको कार्यक्रमलाई अझ बढी सशक्त बनाउनेछ ।

६ पचहत्तर वर्ष उमेर पुगेको ज्येष्ठ नागरिकहरूलाई एवं ६० वर्ष पुगेको असहाय विधवाहरूलाई दिइएको मासिक भत्ता वितरणमा देखिएको अनिश्चिततालाई समाप्त गरी घरदैलोमै समयमा पुऱ्याउने नीति अवलम्बन गर्नेछ ।

६ साधन-स्रोतले भ्याएसम्म यो भत्तालाई अझ वृद्धि गरिनेछ ।

६ शारीरिक एवं मानसिक रूपले अशक्त भई स्थायी रूपमा काम गर्न असक्षम नागरिकहरूको जीवनयापनका लागि प्रत्येक जिल्लामा दिइने भत्ताको वार्षिक कोटामा वृद्धि गरिनेछ ।

६ असहाय वृद्ध नागरिकहरूको संरक्षणका लागि वृद्धाश्रम स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

## ीय आर्थिक सहयोग : अर्को नवीन चुनौती

आर्थिक क्षेत्रमा तीव्र रूपले बढ्दै गएको भूमण्डलीकरण र विश्वबजारमा देखिएको चर्को प्रतिस्पर्धालाई ध्यानमा राखी आज सबैतिर क्षेत्रीय सहयोगको अवधारणालाई अघि सारिएको छ । नेपाली कांग्रेसको यस अवधारणाप्रति सकारात्मक धारणा रहेको छ र खास गरी दक्षिण एसिया क्षेत्रमा व्याप्त व्यापक गरीवीको निराकरणका लागि क्षेत्रीय सहयोग र यस क्षेत्रका सबै मुलुकहरूको सामूहिक प्रयास आवश्यक छ भन्ने कुरा नेपाली कांग्रेसका पूर्व सभापति श्री कृष्णप्रसाद भट्टराईले अध्यक्षता गर्नुभएको दक्षिण एसिया गरीवी निवारण आयोगको प्रतिवेदनले समेत निचोड निकालेको छ । तसर्थ नेपाल र यस क्षेत्रका अन्य मुलुकको आर्थिक समुन्नतिका लागि साप्टा ९क्बएत्ब०लाई छिटो भन्दा छिटो कार्यान्वयन गरिनुपर्छ भन्ने नेपाली कांग्रेसको धारणा छ । यसबाट सृजना हुने विस्तारित बजारबाट नेपालले समुचित लाभ प्राप्त गर्नका लागि तुलनात्मक लाभ भएका आरु ना खास आर्थिक क्षेत्रहरूमा विशिष्टीकरण गरी दक्षता बढाउनु जरुरी छ । यसका लागि नेपाली कांग्रेसले प्राथमिकता दिनेछ ।

## गैरसरकारी संस्था : नागरिक समाजको आधार

देशको सामाजिक तथा आर्थिक विकासका लागि अनेकौ क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूबाट राष्ट्रले प्राप्त गर्न सक्ने ठूलो योगदानलाई ध्यानमा राखेर नेपाली कांग्रेसको सरकारले विगतमा यस्ता संस्थाहरू प्रति खुला नीति अवलम्बन गरेको हो । यस नीतिलाई भविष्यमा पनि निरन्तरता दिइनेछ । तर यस्ता संस्थाहरूले आरु नो आय-व्ययलाई पारदर्शी राख्नुपर्ने, देशमा प्रचलित नियम-कानून अनुरूप आरु नो गतिविधि सञ्चालन गर्नुपर्ने एवं

भौगोलिक दृष्टिकोणले दुर्गम क्षेत्रहरूको सामाजिक-आर्थिक विकास एवं गरीवी निवारण कार्यमा संलग्न हुनुपर्ने व्यवस्था मिलाइनेछ ।

## सहकारी आन्दोलनको विकास

- ६ ग्रामीण क्षेत्रमा स्रोत-साधनको परिचालन गर्न, किसानका लागि आवश्यक मल, बीउ-बिजनको आपूर्ति गर्न र उत्पादित सामग्रीको बजार व्यवस्था गर्न र कृषकलाई उचित मूल्य दिलाउन, स-साना ऋण-बचत परिचालन गर्न तथा उपभोग्य वस्तुहरूको उत्पादन र आपूर्तिमा समेत सहकारी संस्थाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् भन्ने नेपाली काँग्रेसको विश्वास रहेको छ । हाम्रो जस्तो अधिकांश जनता निरक्षर रहेको कृषिप्रधान देशमा सहकारी संस्थाको व्यवस्थाले ग्रामीण अर्थतन्त्रको विकासमा ठूलो टेवा पुग्ने हुँदा सहकारी संस्थाहरूको गठन र सञ्चालनमा सरकारले आवश्यक प्रोत्साहन र सहयोग दिनुपर्दछ भन्ने नेपाली कांग्रेसको धारणा छ ।
- ६ सहकारी आन्दोलनका लागि चाहिने पूँजीको मागलाई पूरा गर्न सहकारी बैङ्कको स्थापनालाई नेपाली काँग्रेसले प्रोत्साहित गर्नेछ ।
- ६ सहकारी आन्दोलनलाई गति प्रदान गर्न नेपाली काँग्रेस एउटा छुट्टै सहकारी मन्त्रालयको स्थापनाको पक्षमा छ ।

## ाकूद विकास

- ६ देशको तरुण-युवा पुस्तालाई खेलकूदतर्फ आकर्षित गर्ने उद्देश्यले नेपाली कांग्रेसको अग्रसरतामा आएको राष्ट्रिय खेलकूद नीति र कार्यक्रमलाई प्रभावकारी ढ□ले कार्यान्वयन गर्दै लगिनेछ ।
- ६ आवधिक रूपमा देशभित्र र बाहिर हुने क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरका खेलकूदको आयोजना र सहभागितालाई नेपाली कांग्रेसले प्रोत्साहित गर्नेछ ।
- ६ अन्तर्राष्ट्रिय ख्यातिप्राप्त खेलाडी स्वर्गीय दलबहादुर राना मगरको नाममा अक्षय कोष स्थापना गरी सम्मान गर्ने परम्परालाई निरन्तरता दिंदै अन्तर्राष्ट्रिय खेल जगत्मा प्रतिष्ठा हासिल गर्ने खेलाडीहरूलाई पुरस्कृत र सम्मानित गरिनेछ ।
- ६ खेलकूदको संस्थागत विकासका लागि निजी क्षेत्रलाई समेत सहभागी गराई खेलकूद विकास कोष खडा गर्नेतर्फ नेपाली कांग्रेस क्रियाशील रहनेछ ।
- ६ विद्यालय स्तरमा खेलकूदको विकासलाई प्रोत्साहित गर्न मावि स्तरमा खेलकूद शिक्षकको व्यवस्था गरिनेछ । पाँचवटै विकास क्षेत्रमा बहुउद्देश्यीय कभर्डहल र पूर्वाधार विकासलाई नेपाली कांग्रेसले प्रोत्साहित गर्नेछ ।
- ६ नेपाली कांग्रेसले राष्ट्रिय खेलकूद प्रशिक्षण प्रतिष्ठानको गठनका लागि अग्रसरता लिनेछ ।

## षा, साहित्य-कला, धर्म र संस्कृति : राष्ट्रको गौरव

नेपालीहरूको जीवनपद्धति, रहन-सहन, भाषा-चिन्तन, धर्म र संस्कृतिलाई प्रतिनिधित्व गर्ने देशको साहित्य, कला र सांस्कृतिक परम्परा र सम्पदाको विकास र रक्षा गर्नु हाम्रो प्राथमिक

दायित्व हो भन्ने कुरामा नेपाली कांग्रेस विश्वास गर्दछ । नेपाली कांग्रेस प्रजातन्त्रवादी पार्टी भएकोले यस पार्टीभित्र मात्र जातीय उत्थान, संरक्षण एवं सद्भाव सम्भव छ ।

६ देशको साहित्य, कला, भाषा र संस्कृतिको प्रवर्द्धनका लागि क्रियाशील राजकीय प्रज्ञा प्रतिष्ठानलाई अझ प्रभावकारी एवं गरिमामय बनाइनेछ । यसका लागि प्रतिष्ठानलाई आर्थिक स्रोत र साधन उपलब्ध गराउने तथा ऐन-कानूनमा आवश्यक संशोधन गरिनेछ ।

६ ललितकला प्रज्ञा प्रतिष्ठान एवं सङ्गीत नाटय प्रज्ञा प्रतिष्ठान स्थापनालाई नेपाली कांग्रेसले प्राथमिकताका साथ अघि बढाउनेछ ।

६ देशका विभिन्न ऐतिहासिक स्थलहरूमा पुरातात्विक अन्वेषण, अनुसन्धान र उत्खननका कामलाई अघि बढाइनेछ ।

६ राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका मठ-मन्दिर, गुम्बा, मस्जिद एवं स्मारकहरूको संरक्षण गरिनेछ । ऐतिहासिक-सांस्कृतिक र पुरातात्विक एवं धार्मिक अभिलेखहरूको वैज्ञानिक संरक्षण गरिनेछ ।

६ धार्मिक महत्त्वका स्थलहरूमा पर्यटनको विकास गरिनेछ ।

६ नेपालका विभिन्न जात-जातिहरूको गीत, सङ्गीत, नृत्य र अन्य सांस्कृतिक विशेषतालाई प्रस्तुत गर्ने सांस्कृतिक केन्द्रहरूको स्थापनालाई नेपाली कांग्रेसले प्रोत्साहित गर्नेछ ।

६ साहित्य-कला-संस्कृतिका क्षेत्रमा योगदान पुऱ्याउने विशिष्ट व्यक्ति र संस्थाहरूको सार्वजनिक अभिनन्दन गरिनेछ ।

६ अल्पसंख्यक समुदायका व्यक्तिहरूको धार्मिक स्वतन्त्रताको रक्षा गरिनेछ ।

## परराष्ट्र नीति सम्बन्धमा

नेपालको राष्ट्रिय सुरक्षा र हितलाई सर्वोपरि राखी त्यसको प्रवर्द्धन गर्नु तथा विश्व शान्ति र संयुक्त राष्ट्रसंघको बडापत्रप्रति प्रतिबद्धता प्रकट गर्दै प्रजातन्त्र र मानव अधिकारको पक्षपोषण हाम्रो परराष्ट्र सम्बन्धको मूल आधार रहिआएको छ । यही दृष्टिकोणका आधारमा नेपाली कांग्रेस आरु ना छिमेकी लगायत विश्वका सबै शान्तिप्रेमी देशहरूसँग मैत्री तथा पारस्परिक सहयोग बढाउन चाहन्छ ।

नेपाली कांग्रेस आरु ना निकटतम छिमेकी राष्ट्रहरू भारत र चीनसँगको सम्बन्धलाई विशेष महत्त्व दिन्छ । हाम्रा छिमेकीहरूसँगको सम्बन्धमा आउन सक्ने कुनै पनि समस्यालाई समाधान गर्दा आवेश, भावुकता र अतिरञ्जनतालाई त्यागेर नितान्त व्यावहारिक रूपमा पारस्परिक सद्भावना र हितको आधारमा समाधान गर्ने नीति नेपाली कांग्रेसको छ ।

नेपाल-भारत सम्बन्धमा उठेका कुनै पनि समस्यालाई-- चाहे त्यो नेपाली भूभाग कालापानीबाट विदेशी सेना ड्ढ र्काउने विषय होस्, महाकाली सन्धि र सम्झौता कार्यान्वयनको कुरा होस् या सन् १९५० को सन्धिको पुनरावलोकनको कुरा होस्-- नेपालको राष्ट्रिय सम्मान र हितको जगेर्ना गर्दै कूटनीतिक वार्ताको माध्यमबाट यी सबै समस्याको समाधान गर्ने नेपाली कांग्रेसको नीति छ ।

छिमेकीहरूसँगको सम्बन्धमा सार्वभौमिक अखण्डता, पारस्परिक सहयोग र सम्मान, एक अर्काको आन्तरिक मामलामा अहस्तक्षेप, शान्तिपूर्ण सहअस्तित्व र असल छिमेकीपनको सिद्धान्तलाई नेपाली कांग्रेस जोड दिन चाहन्छ । यस सन्दर्भमा भारत र चीनबीच सुधिदै गएको

सम्बन्धलाई नेपाली कांग्रेस खुला हृदयले स्वागत गर्दछ । नेपाली कांग्रेस चाहन्छ– भारत र पाकिस्तान बीच पनि सम्बन्ध सुध्रिदै जाओस् र दक्षिण एसिया तनावमुक्त क्षेत्र बनोस् ।

संयुक्त राष्ट्र संघका सिद्धान्तहरूमा नेपालको विश्वास छ । यो विश्वास नेपाली कांग्रेसको परराष्ट्र नीतिको एक प्रमुख आधार हो । २०१७ सालमा संयुक्त राष्ट्र संघको पन्धौं साधारण सभालाई सम्बोधन गर्दै बी.पी. कोइरालाले भन्नुभएको थियो--"नेपाल सैनिक र आर्थिक दृष्टिले सानो राष्ट्र भए पनि संयुक्त राष्ट्र संघमा आफूले खेल्नुपर्ने भूमिका बारे सचेत छ ।" यही सचेत प्रतिबद्धता अनुरूप वि.सं. २०४८-२०५१ मा नेपाली कांग्रेसको एकमना सरकारले विश्वशान्तिका क्षेत्रमा आफूले खेल्न सक्ने भूमिकालाई हृदय□म गरी संयुक्त राष्ट्र संघको शान्ति सेनामा नेपालकै इतिहासमा सर्वाधिक ठूलो मात्रामा भाग लियो । यसै अवधिमा शान्तिसेनाको कमाण्डर पदसम्म सम्हाल्ने र नेपाल प्रहरीलाई समेत सहभागी बनाउने काम पनि गरियो ।

संयुक्त राष्ट्रसंघले बद्लिंदो विश्वपरिस्थितिलाई प्रतिबिम्बित हुने गरी यसको संरचना र कार्यक्रममा परिवर्तन ल्याउनुपर्छ भन्ने नेपाली कांग्रेसको विचार छ । आगामी दिनहरूमा हामी यस सम्बन्धी हाम्रा स्पष्ट धारणाहरूलाई विस्तृत रूपमा अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रस्तुत गर्नेछौं ।

शान्ति र निःशस्त्रीकरण सामाजिक विकासको पूर्वशर्त हुन् भन्ने नेपाली कांग्रेसको धारणा छ । धनी र विकसित राष्ट्रहरूले विपन्न राष्ट्रहरूमा हातहतियार निकासी गर्ने होइन, आर्थिक सामाजिक विकासका लागि प्रविधि हस्तान्तरण गर्नुपर्दछ भन्ने हाम्रो धारणा छ । नेपाली कांग्रेसले आरु ना यी धारणाहरू अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत राख्नेछ ।

भुटानी शरणार्थीहरू सम्मानपूर्ण र शान्तिपूर्ण अवस्थामा स्वदेश फर्कन पाउनुपर्छ भन्ने नेपाली कांग्रेसको मान्यता छ । नेपाली कांग्रेसले यस विषयमा कूटनीतिक प्रयासलाई प्रभावकारी बनाउनेछ र भुटानी शरणार्थीहरूलाई स्वदेश फर्किने वातावरण तत्काल सृजना गर्न क्रियाशील रहनेछ ।

विश्वका सबै मुलुकका जनताले प्रजातन्त्र र मौलिक अधिकारको निर्बाध उपभोग गर्न पाउनुपर्छ भन्ने नेपाली कांग्रेसको धारणा छ । प्रजातन्त्र र मानव अधिकार मानव जातिका शाश्वत मूल्य हुन् तिनको हनन नेपाली कांग्रेसको आदर्श र मान्यता विपरीत कुरा हो । नेपाली कांग्रेस विश्वभरि नै ती मूल्य र मान्यताको बहालीका पक्षमा उभिने छ ।

## महिला सशक्तीकरण

नारी र पुरुषबीच हाल विद्यमान आर्थिक, सामाजिक एवं राजनीतिक विभेदलाई न्यून गर्दै महिलावर्गको भूमिकालाई राष्ट्रनिर्माणमा अझ सशक्त ढ□ले संलग्न गराउने कार्यमा नेपाली कांग्रेस सधैं प्रतिबद्ध रहेको छ । यसका लागि विगतमा नेपाली कांग्रेसले धेरै सशक्त कार्यक्रमहरू ल्याएको हो । चाहे त्यो संसद्मा हाल विचाराधीन महिलाको पैतृक सम्पत्ति माथि हक सम्बन्धी विधेयक होस् चाहे स्थानीय निकायहरूमा करीव ४० हजार महिलाहरू निर्वाचित हुने बाध्यकारी कानूनी व्यवस्था होस् वा प्रत्येक प्राथमिक विद्यालयमा अनिवार्य रूपले राखिनुपर्ने महिला शिक्षकको व्यवस्था होस् । नेपाली कांग्रेस आगामी दिनहरूमा महिला र पुरुष बीचको लैं□क भेदभाव हटाउनका साथै महिलावर्गको सशक्तीकरण तथा उनीहरूलाई राष्ट्रिय मूल

प्रवाहमा समाहित गराउनका लागि अझ प्रभावकारी ढ□बाट प्रयत्नशील रहनेछ । महिलाहरूलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि राष्ट्रिय एवं क्षेत्रीय स्तरका कार्यक्रम तथा लक्ष्यहरू तोकिनेछन्, सो पूरा भएको नभएको बारे अनुगमन गरिनेछ । महिला विरुद्ध हुने सबै प्रकारको हिंसा एवं अपराध रोकथामका लागि कानूनी व्यवस्था गरिनेछ । घरेलु तथा कृषि व्यवसायमा महिलाहरूको कार्यबोझ हल्का गर्ने प्रविधिहरूको विकासलाई प्रोत्साहन गरिनेछ । नारी शिक्षा प्रवर्द्धन गर्ने एवं मातृ मृत्युदर कम गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।  सरकारी सेवाहरूमा महिलाहरूको लागि केही निश्चित अनुपात निर्धारित गर्ने व्यवस्था गरिनेछ ।

## ल विकास

बालबालिकाहरूको हक, अधिकार र विकासलाई सुनिश्चित गर्न "संयुक्त राष्ट्र संघ बाल अधिकार महासन्धि"मा उल्लेख भए बमोजिम बालवचावट, बालसंरक्षण, बालविकास र बालसहभागिताका कार्यक्रम सञ्चालन गर्नुका साथै बालसुधार गृह, बाल अस्पताल, अभिभावक शिक्षा, शिशु स्याहार केन्द्र आदि सञ्चालनको व्यवस्था गरिनेछ । सडक बाल-बालिकाहरूको पुनःस्थापना कार्यक्रमलाई प्रभावकारी बनाई सक्षम नागरिकका रूपमा विकसित गरिनेछ । बाल सुरक्षा र विकासका कार्यक्रमहरूमा गैरसरकारी संस्थाका साथै स्थानीय निकायहरूलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ ।

## भूतपूर्व सैनिक र प्रहरी  : देश विकासमा सीप-तालिमको उपयोग

नेपाली कांग्रेस सेवा निवृत्त भएका भूतपूर्व सैनिक र प्रहरीको सीप-तालिम र क्षमतालाई उपयोग गर्ने नीति र कार्यक्रमलाई प्रोत्साहित गर्न चाहन्छ ।

६ नेपाली कांग्रेसले भूपू सैनिक र प्रहरीहरूलाई आर्थिक दृष्टिले पुनः सक्रिय गराउने उद्देश्यले बजारको माग अनुरूप विभिन्न सीप र तालिम विकास कार्यमा संलग्न गराउने नीति लिनेछ ।

६ भूपू सैनिक र प्रहरीहरूलाई आधुनिक खेती प्रणाली, शिक्षा, यातायात क्षेत्र लगायत अन्य क्षेत्रहरूमा उत्पादनशील ढ□ले क्रियाशील गराइनेछ ।

६ वैदेशिक रोजगारीका अवसरहरूको खोजी र जनशक्तिको आपूर्ति गर्ने काममा पनि उनीहरूको अनुभवलाई उपयोग गरिनेछ ।

६ ब्रिटिश गोरखामा भूतपूर्व सैनिकहरूको न्यायोचित पेन्सन वृद्धि र सुविधा बढाउने मागहरूलाई पूरा गराउन नेपाली कांग्रेसले थप अग्रसरता लिनेछ ।

६ विभिन्न देशका दूतावास र कूटनैतिक नियोगमा भूपतूर्व सैनिकहरूले भोग्नुपरेका भिसा सम्बन्धी समस्यालाई निराकरण गरिनेछ ।

६ भूतपूर्व सैनिकहरूले सजिलोसँग पेन्सन पाउने व्यवस्था गर्न, भूपू सैनिक र उनीहरूको परिवारको नागरिकता र परिचयपत्रका सम्बन्धमा आउने झण्झट र समस्याहरूलाई समाधान गरिनेछ ।

## तरुण-विद्यार्थी

नेपाली कांग्रेस तरुण-शक्ति माथि ठूलो विश्वास राख्दछ । नेपालका विद्यार्थी र तरुणहरूले मुलुकको प्रजातान्त्रिक आन्दोलनमा दिएको ठूलो योगदान र निर्वाह गरेको क्रान्तिकारी भूमिकाको ऐतिहासिक महत्त्व छ । मुलुक निर्माणका यावत् क्षेत्रमा नयाँ रक्त-सञ्चार गर्न र प्रजातान्त्रिक सरकारले तयार पारेका योजना र कार्यक्रमलाई परिणाममुखी ढ□बाट अघि बढाउन पनि तरुण विद्यार्थीहरूले विशिष्ट भूमिका निर्वाह गर्नै पर्छ । आजका तरुण विद्यार्थीले आफूलाई उमेर सँगसँगै विचार र व्यवहारमा समेत नयाँ र कर्मठ पुस्ताका रूपमा अघि बढ्न पाउने वातावरण निर्माणका निम्ति निम्नलिखित विषयमा नेपाली कांग्रेस प्रतिबद्ध छ–

६ तरुण-विद्यार्थीहरूको बहुमुखी विकासलाई जोडदार रूपमा अघि बढाउन नेपाली कांग्रेसले युवा र तरुण सम्बन्धी राष्ट्रिय नीति र कार्यक्रमको घोषणा गर्नेछ ।

६ मुलुक निर्माणको दिशामा तरुण-विद्यार्थीहरूको प्रत्यक्ष योगदानलाई प्रोत्साहित गर्न र मुलुकका सबै क्षेत्रहरूको वास्तविकतासँग परिचित गराउन राष्ट्रिय युवा स्वयम्सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

६ युवा बेरोजगारीलाई अन्त्य गर्न राष्ट्रिय युवा रोजगार नीति र कार्ययोजनाको निर्माणका साथै राष्ट्रिय युवा रोजगार विकास केन्द्रको स्थापना गरिनेछ ।

## श्रमको सम्मान र ट्रेड युनियन आन्दोलन

नेपालका श्रमिकहरू र ट्रेड युनियन आन्दोलन नेपालको प्रजातान्त्रिक सङ्घर्षको एउटा आधारभूत स्तम्भ रहिआएको छ । त्यसैले प्रजातन्त्रको पुनःस्थापनापछि नेपाली कांग्रेसको सरकारले श्रम ऐन र ट्रेड युनियन ऐनको निर्माण गरी श्रमिकहरूको हक हितको रक्षाका दिशामा अग्रसरता लिएको हो ।

६ नेपाली कांग्रेसले श्रम ऐन र ट्रेड युनियन ऐनको प्रभावकारी कार्यान्वयन गर्नुका साथै त्यसमा भएका कमी कमजोरीहरूमा संशोधन र परिमार्जन गर्न पहल गर्नेछ ।

६ नेपाल ट्रेड युनियन कांग्रेसको अग्रसरतामा संसद्मा आएको श्रमिकहरूका लागि सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने विधेयकलाई सम्बन्धित सबै पक्षहरूसँग व्यापक छलङ्ग ल गरी राष्ट्रिय सहमतिको आधारमा पारित गराइनेछ ।

६ नेपाली कांग्रेस मुलुकमा श्रमको सम्मान गर्ने संस्कृति स्थापित गर्न चाहन्छ ।

## आदिवासी-जनजाति

हाम्रो देश बहुभाषिक एवं बहुजातीय तथा सांस्कृतिक विविधता सहितका समुदायको वासस्थान भएको कुरालाई नेपाली कांग्रेस पार्टीले पूर्ण रूपमा स्वीकार गरेको छ । नेपाली कांग्रेस नेपालको यस प्रकारको विविधतालाई राष्ट्रको सम्पत्तिको रूपमा लिन्छ तथा यसको संवर्द्धन र प्रवर्द्धन गर्न कटिबद्ध छ । यस मर्म अनुरूप आदिवासी र जनजातिका सम्बन्धमा एक छुट्टै नीति कार्यक्रमको तर्जुमा नेपाली कांग्रेसको सरकारले गरेको छ । उक्त कार्यक्रमको कार्यान्वयन र त्यसमा आवश्यक परिमार्जन र विस्तार गर्न नेपाली कांग्रेस प्रतिबद्ध छ । हालको जनजाति विकास समिति भन्दा अझै बलियो संस्था– एउटा स्वतन्त्र परिषद्को गठन गर्ने

नीतिलाई नेपाली कांग्रेसले तुरुन्त कार्यान्वयन गर्नेछ । उक्त परिषद्ले आदिवासी तथा जनजाति बारे सबै प्रकारका कार्यक्रमहरू स्वतन्त्र र स्वायत्त ढ□ले गर्नेछ । यसले आरु नै कोषको स्थापना गर्नेछ ।

६ आदिवासी जनजातिमा अन्तर्निहित ज्ञान, सीप, कला र संस्कृतिको खोज, संवर्द्धन र प्रवर्द्धन गरिनेछ ।

६ विभिन्न भाषा र संस्कृतिको विकास र संवर्द्धन गरिनेछ ।

६ शिक्षा, स्वास्थ्य आदि कार्यक्रमहरू लागु गर्दा आदिवासी-जनजातिको व्यक्तित्व विकास र सशक्तीकरण गर्ने काम गरिनेछ ।

## दलित र उपेक्षित वर्ग

दलित तथा उपेक्षित समुदायको उत्थानका निमित्त नेपाली कांग्रेसले आरु नो स्थापनाकालदेखि नै सक्रिय जिम्मेवारी लिएको छ । यही जिम्मेवारीको अनुभूतिले गर्दा नेपाली कांग्रेसको अग्रसरतामा दलितवर्गको उत्थान र उनीहरूलाई राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याउने विशेष कार्यक्रमहरू विगतदेखि नै आएका छन् ।

६ नेपाली कांग्रेसले राष्ट्रको राजनीतिक निर्णय प्रक्रियामा दलितवर्गको उचित प्रतिनिधित्व हुनुपर्छ र संसद् लगायत विभिन्न निकायहरूमा दलितवर्गको सहभागिता आवश्यक छ भन्ने महसुस गर्दै दलित र उपेक्षितहरूको समग्र विकास एवं प्रतिनिधित्वका लागि आगामी संसद्मा विधेयक प्रस्तुत गर्नेछ र पार्टीका विभिन्न तहमा दलित र उपेक्षित वर्गको समुचित प्रतिनिधित्वको व्यवस्था मिलाइनेछ ।

६ नेपाली कांग्रेस दलितवर्गको उत्थानका लागि एक स्वतन्त्र परिषद्को गठन गर्ने र त्यसलाई दलितवर्गको समस्या पहिचान र समाधान गर्न स्वतन्त्र र स्वायत्त ढ□ले काम गर्न दिने कुराको पक्षधर छ ।

६ यस संस्थाको माध्यमद्वारा उच्च छात्रवृत्तिको प्रभावकारी व्यवस्था गरिनेछ ।

६ नेपाली कांग्रेसको सरकारले सुरु गरेको दलित छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता र विस्तार गरिनेछ ।

६ दलितवर्गको उत्थानका लागि गठन गरिने स्वतन्त्र परिषद्मा यथेष्ठ साधन परिचालन गरी कोषको स्थापना गरिनेछ ।

६ दलित वर्गमा रहेको शीप र ज्ञानलाई प्रयोगमा ल्याउने विभिन्न कार्यक्रम तत्काल घोषणा गरिनेछ ।

## विदेशमा बस्ने नेपालीहरूप्रति

संसारका विभिन्न मुलुकमा अनेकौं पेसा गरी बसेका सम्पूर्ण नेपालीहरूको हक-हितको संरक्षण गर्नमा नेपाली कांग्रेसले विशेष जिम्मेवारी वहन गर्नेछ । उनीहरू रहेका देशका नियम-कानून एवं अन्तर्राष्ट्रिय प्रचलन अनुसार उनीहरूले प्राप्त गर्नुपर्ने अधिकार एवं सुविधा प्राप्त गराउनका लागि नेपाली कांग्रेस प्रयत्नशील रहनेछ । विदेशमा बसी आरु नो आय-आर्जनको केही हिस्सा देशभित्र पठाउनका लागि उचित बैङ्किङ सुविधा मिलाइनेछ । विदेशमा नै रही

नागरिकता समेत प्राप्त गरेका नेपाली मूलका परिवारहरूले यदि स्वदेश फर्केर आर्थिक व्यवसाय गरी देशको समृद्धि बढाउन चाहेमा विशेष प्रोत्साहन दिइनेछ ।

## राष्ट्रसेवक, शिक्षक, सेना एवं प्रहरी

नेपाली कांग्रेसले आगामी दिनहरूमा राष्ट्रसेवक कर्मचारी, शिक्षक, सेना एवं प्रहरी समूहको हक-हितलाई ध्यानमा राखेर बदलिँदो आवश्यकता अनुसार वृत्ति-विकास, पारिश्रमिक एवं अन्य सुविधामा सुधार ल्याउनेछ । उपयुक्त प्रशिक्षणद्वारा उनीहरूको प्रभावकारितामा वृद्धि ल्याइनेछ । नियम-कानून एवं कार्यप्रणालीमा समय अनुकूल सुधार गरिनेछ । सेना एवं प्रहरी सेवाको दक्षता एवं कार्यकुशलतामा वृद्धि ल्याउन तुरुन्त नै एक कार्ययोजनाको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

आदरणीय दिदीबहिनी-दाजुभाइहरू,

प्रजातन्त्रको रक्षा आज पनि राष्ट्रिय राजनीतिको मूल एजेण्डा हो । प्रजातन्त्र र आर्थिक विकास हाम्रो जस्तो गरीब मुलुकका लागि गहिरो अन्तर सम्बन्ध भएका राजनैतिक र आर्थिक आन्दोलन हुन् । नेपाली जनता प्रजातन्त्रको रक्षा र मुलुकको विकासका प्रति गम्भीर रूपले प्रतिबद्ध भएका कारण नेपाली कांग्रेसप्रति जनताको विश्वास र समर्थन पनि गहिरो र व्यापक छ । नेपाली जनताको यही विश्वासलाई सम्मान गर्न प्रजातन्त्र र विकासका लागि पाँच दशक लामो सङ्घर्ष यात्राले जिम्मेवार बनाएको नेपाली कांग्रेस पार्टीले मुलुकका निम्ति आफ्नो इमानदार प्रतिबद्धता, नीति र कार्यक्रमलाई जनताका माझ प्रस्तुत गरेको छ ।

हिंसा, हत्या र आतङ्कको भुँवरीबाट देशलाई जोगाउन सक्ने सामर्थ्य र नेतृत्व नेपाली कांग्रेससँग मात्र छ । भ्रष्टाचार, बेइमानी र माफियातन्त्रबाट देशलाई जोगाउने साहस र सङ्कल्प पनि नेपाली कांग्रेससँग नै छ । देशलाई अस्थिरताबाट जोगाएर स्थिरतातर्फ लैजाने कार्ययोजना नेपाली कांग्रेससँग नै छ । टुक्रा-टुक्रामा विभाजित हुँदै गएका एमाले, माले, राप्रपा, सद्भावना जस्ता पार्टीहरूलाई एकता र सहमतिको राजनीतिमा एकत्रित गर्ने नीति र कार्यक्रम पनि नेपाली कांग्रेससँग मात्र छ । त्यसै गरी आर्थिक विकासका लागि चाहिने योजना र देश-विदेशको पत्यार पनि नेपाली कांग्रेससँगै छ । नेपाली कांग्रेसले जनताका माझ प्रस्तुत गरेको यो घोषणापत्र हाम्रो मुलुकको भविष्य र समुन्नतिको स्पष्ट दस्तावेज हो । आगामी आमनिर्वाचनमा कांग्रेसको यो घोषणापत्रलाई अनुमोदन गरेर रूख चिन्हमा मतदान गरी कांग्रेसको बहुमतको सरकार बनाउन हामी सम्पूर्ण मतदाता दिदीबहिनी-दाजुभाइहरूलाई हार्दिक अपील गर्दछौं ।

जय नेपाल र